जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

**लोकतन्त्रको आधारः सूचनाको अधिकार**

- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २८ • २०८० साल असार २ गते शनिबार (17 June, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मधेश प्रदेशको बजेट ४४ अर्ब

## पुँजीगत ५८.२५ र चालु ४१.३० प्रतिशत, २ अर्ब नपुग

**कमलेश ठाकुर**

जनकपुरधाम । मधेश प्रदेश सरकारका अर्थमन्त्री संजय कुमार यादवले आगामी आर्थिक वर्षको बजेट शुक्रबार प्रदेश सभामा प्रस्तुत गरेका छन् । प्रदेशसभामा अर्थमन्त्री यादवले ४४ अर्ब ११ करोड ४६ लाख रुपैयाँको बजेट प्रस्तुत गरेका छन् ।

कुल बजेट मध्ये चालुतर्फ १८ अर्ब २१ करोड ७६ लाख (४१.३०), पुँजीगततर्फ २५ अर्ब ६९ करोड ७० लाख (५८.२५) र वित्तीय व्यवस्थापनतर्फ २० करोड रुपैयाँ विनियोजन गरिएको छ।

यसअघि चालु वर्षका लागि ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजारको बजेट ल्याएको थियो। जुन चालु आर्थिक वर्षभन्दा दुई अर्ब ८८ करोड दुई लाख कम छन् ।

अर्थमन्त्री यादवले बजेट कार्यान्वयनका लागि स्रोतको रुपमा आन्तरिक राजस्वबाट चार अर्ब ३७ करोड एक लाख रुपैयाँ, संघीय सरकारबाट राजस्व बाँडफाँटबाट ११ अर्ब तीन करोड १९ लाख र समानीकरण अनुदानबाट सात अर्ब ४१ करोड ५० लाख रुपैयाँ परिचालन गरिने बजेट भाषणमा उल्लेख गरेका छन्।

चालु आर्थिक वर्ष विनियोजन बजेटबाट बचत हुने नगद मौज्दात १२ अर्ब ९० करोड ११ लाख, विशेष अनुदान ४९ करोड, समपूरक अनुदान ९८ करोड, सशर्त अनुदानबाट प्राप्त चार अर्ब ५६ करोड ८५ लाख रुपैयाँ परिचालन गरिने जनाइएको छ। तर, प्राप्त स्रोतबाट दुई अर्ब न्यून हुने देखिएकोले आन्तरिक ऋणबाट सो रकम उठाइने बताइएको छ।

सरकारले केही पुराना योजनालाई निरन्तरता दिएको देखिन्छ । तर अघिल्लो सरकारको केही योजना कटौती पनि गरिएको छ । कतिपय योजनालाई चालु वर्षपछि सम्पन्न गर्ने लक्ष्य राखेको छ।

कृषिलाई प्राथमिकतामा राखेर सरकारले बजेट ल्याएकोछ । कृषिमा विद्युतीकरणको लागि ४० करोड बजेट छुट्याएको छ। आगामी आर्थिक वर्षमा 'एक टोल, एक सामूहिक कृषि उत्पादन' 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र नमुना कार्यक्रम'को लागि दश करोड बजेट विनियोजन गरिएकोछ। सरकारले आगामी आर्थिक वर्षमा किसान कार्डसमेत वितरण गर्ने घोषणा गरेको छ।

मुख्यमन्त्री किसान उत्थान कार्यक्रमका लागि १५ करोड छुट्ट्याइएको छ । हरेक खेतमा पानी किसानको आम्दानी नारा पनि ल्याइएको छ । सरकारले समयमा बजेट कार्यान्वयनको लागि अर्थ मन्त्रालयमार्फत क्यालेण्डर जारी गर्नेछ ।

संसदीय विकास कोषलाई निरन्तरता दिएको छ ।



यसको लागि दुई अर्ब ३५ करोड विनियोजन गरिएकोछ । स्वास्थ्य क्षेत्रमा साढे पाँच अर्ब बजेट छुट्याएको छ । समग्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कुल पाँच अर्ब ४७ करोड ३४ लाख ७८ हजार बजेट विनियोजन गरिएको छ । स्वास्थ्य क्षेत्रमा मानव सेवा आश्रममा घुम्ती स्वास्थ्य सेवाको लागि पाँच करोड विनियोजन भएको बजेटमा उल्लेछ ।

सो क्यालेण्डर अनुसार काम अगाडि नबढे योजना नै रद्द गर्ने बजेट भाषणामा उल्लेख गरिएको छ । क्यालेण्डरमा भाद्र मसान्त भित्र अनिवार्य रुपमा अख्तियारी लिइसक्नुपर्ने र कार्तिक मसान्तभित्र योजना ठेक्का लगाइसक्नु पर्ने व्यवस्था रहनेछन् । योजना ठेक्का कार्तिक मसान्तभित्र नभए सरकारले योजना नै रद्द गर्नेछ ।

मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमले निरन्तरता पाएको छ । हेल्थ पार्कको लागि पाँच करोड राखिएको छ। क्यान्सर रोग अस्पताल सुधार गर्न सरकारले दश करोड विनियोजन गरेकोछ । 'खेलेगा मधेश तो खिलेगा मधेश'नारालाई सार्थक बनाउन प्रत्येक जिल्लामा प्रदेशस्तरीय रंगशाला बनाइने र ०८३ सालमा हुने ११ औं राष्ट्रिय खेलकुद मधेश प्रदेशमै गराउन २५ करोड विनियोजन गरिएको छ।

मुख्यमन्त्री स्वच्छता अभियान यसै वर्ष सम्पन्न गर्ने सरकारको तयारी छ । यस कार्यक्रमलाई प्रभावकारी बनाउन 'टोल टोलमा फोहर मलाई' नाराको लागि आठ करोड छुट्याइएको छ। शिक्षामा डोम, मुसहर, चमार, दुसाद, हलखोर जातिको बालबालिकालाई विद्यालयमा ल्याउन तथा टिकाउन शिक्षा अभियान अन्तर्गत प्रत्येक बालबालिकाको खातामा दुई हजारको दरले दिइने छ।

सरकारले वृक्षरोपणको लागि पाँच करोड बजेट विनियोजन गरेको छ। सरकारले चालु वर्षमै लगानी सम्मेलन गर्नेछ ।

नदी नियन्त्रण तथा जल संरक्षण कार्यक्रमको लागि ३० करोड र एक जिल्ला एक नवीनतम पर्यटकीय क्षेत्र जस्ता कार्यक्रम आगामी वर्षको विशेष पर्यटकीय कार्यक्रम हुने अर्थमन्त्री यादवले घोषणा गरेका छन् ।

## साइकल, ल्यापटप बजेटबाट गायब, सेनिटरीप्याड निःशुल्क

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको बेटी पढाऔ, बेटी बचाऔ कार्यक्रम अन्तर्गतको साइकल वितरण कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छैन् ।

विगतको सरकारले खरिद गरेको साइकल वितरण हुन नसकेको कारण बजेट विनियोजन नगरिएको अर्थमन्त्री सञ्जय कुमार यादवले बताए ।

'छात्राहरुलाई उच्च शिक्षाका लागि कन्या क्याम्पसलाई प्रोत्साहित गर्नेछौ' उनले भने, त्यसका लागि आबश्यक बजेट विनियोजन गरिएको छ।

मधेश प्रदेश भवन परिसरमा झण्डै ५ हजार साइकल अलपत्र परेको छ।प्रदेश सरकारले कक्षा ८ का छात्राहरुलाई विद्यालयमा निरन्तरताका लागि साइकल वितरण कार्यक्रम राखिएको थियो ।

मधेश प्रदेश सरकारले नीति तथा कार्यक्रममा कक्षा १२ का छात्राहरुलाई निःशुल्क ल्यापटप वितरण गर्ने घोषणा गरेको थियो ।तर सो कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छैन् ।

छात्राहरूलाई नियमित रुपमा सेनिटरीप्याड निःशुल्क रुपमा उपलब्ध गराउन सरकारले बजेटको व्यवस्था गरेको छ । दलित डुम, दुसाध, मेस्तर लगायतका बालबालिकाहरुलाई विद्यालयमा निरन्तरताका लागि खातामा २ हजार राख्न बजेट बिनियोजन गरिएको छ।

मधेश प्रदेशको आठ जिल्ला मध्ये कुनै जिल्ला पूर्ण साक्षर घोषणा हुन सकेको छैन् ।

## प्रादेशिक अस्पतालहरुको स्तरोन्नति, वृद्धलाई रसिद निःशुल्क

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेश सरकारले जिल्लाहरुमा रहेका प्रादेशिक अस्पतालहरुको स्तरोन्नति गर्न बजेट विनियोजन गरेको छ।

सिरहा अस्पतालको स्तरोन्नति गरी १ सय ५० शैयुया बनाइने छ ।जलेश्वर अस्पताललाई बाँझोपनाको उपचार गर्ने विशेष अस्पतालको दर्जा दिइएको छ।

सरकारले आयुर्वेद र योगमा पनि जोड दिएको छ। त्यसका लागि बजेट पनि विनियोजन गरिएको छ ।जडिबुटी खेती र योगलाई सरकारले प्रोत्साहन गर्न बजेटको व्यवस्था गरेको छ।

प्रदेश सरकारले क्यान्सर अस्पतालमा जोड दिएको छ। स्वास्थ्यका लागि सरकारले झण्डै १४ प्रतिशत बजेट विनियोजन गरेको छ । प्रदेशमा बालअस्पताल, हरेक जिल्लामा प्रयोगशाला सञ्चालनका लागि पनि बजेट विनियोजन गरिएको छ।

तर ज्येष्ठ नागरिकका लागि अस्पतालमा ओपीडी रसिद मात्र निःशुल्क उपलब्ध हुनेछ । प्रयोगशालामा हुने परीक्षणलाई पनि सरकारले निःशुल्क गरेको छ । तर औषधि, एक्सरे, अल्ट्रासाउण्ड, एमआरई लगायतको सेबामा कुनै सहुलियत प्रदान गरिएको छैन् ।

दीर्घरोगीहरुलाई उपचारमा सरकारले सहुलियत उपलब्ध गराउने छैन् । विगतमा दीर्घरोगीहरुलाई उपचार खर्चमा सरकारले सहयोग गर्दै आएको थियो । प्रसूतिका लागि बजेटमा चर्चा गरिएको छैन् । प्रदेश सरकारले समग्रमा स्वास्थ्य क्षेत्रमा राम्रो लगानी गरेको बताइएको छ।






# बालबालिकाको आँखामा गम्भीर प्रकृतिकको समस्या

टुडे समाचारदाता

बर्दिबास । महोत्तरीको सुदुर उत्तरी क्षेत्रमा आँखाका बिरामी बाक्लै भेटिएका छन् । बर्दिबास नगरपालिकाको सहयोगमा बर्दिबास आँखा अस्पतालले सञ्चालन गरेको अन्धोपन न्यूनीकरण कार्यक्रम अन्तर्गतको सम्पन्न भएका आँखा जाँच शिविरमा यो समस्याका बिरामी बाक्लै भेटिएका छन् ।

बर्दिबास नगरक्षेत्रका चारओटा बस्तीमा सञ्चालित शिविरमा दुई हजार ८ सय ८ जनाको जाँच भएको छ । बर्दिबास-३ कालापानी, बर्दिबास-४ माइस्थान, बर्दिबास-९ पशुपतिनगर र बर्दिबास-१० खयरमारामा शिविर सम्पन्न भएका छन् ।

आँखा जाँच गरिए मध्ये एक हजार ३३६ जनालाई औषधि खान पर्ने, २३७ जनाले चश्मा लगाउन पर्ने र ७३ जनाको मोतिबिन्दूको शल्यकृया गर्नुपर्ने पाइएको वरिष्ठ आँखा चिकित्सक डा. दिना ठाकुरले जानकारी दिए ।



शिविरमा औषधि र चश्मा दिन ठहऱ्याइएका बिरामीलाई तत्कालै ती सामग्री निःशुल्क उपलब्ध गराइएको छ । शल्यकृया भने ७३ जनालाई शनिबार बर्दिबास आँखा अस्पतालमा गरिने अस्पताल सञ्चालक मुकुन्दप्रसाद पौडेलले बताए । शल्यकृया पनि निःशुल्क गरिने पौडेलले स्पष्ट पारे । आँखामा स्वास्थ्य समस्या धेरैजसो सन्तुलित खानपानको अभावमै हुने गरेको चिकित्सकको ठम्याइ छ । खानामा हरियो सागसब्जी, पँहेला फलफूल र अन्य पौष्टिक आहारको सन्तुलन नमिल्दा गरीब बस्तीमा आँखाका बिरामी बाक्लै भेटिएका डा. ठाकुरको भनाइ छ ।

अस्पतालले बर्दिबास नगरपालिकाका १४ वडामध्ये अहिले चारओटामा मात्र शिविर सम्पन्न गरेको छ । यी चार बस्तीमा भेटिएका बिरामीकै हाराहरीमा अन्य बस्तीमा पनि आँखाको समस्या बाक्लै पाइने चिकित्सकको आकलन छ । यसअघिका जाँचमा वयस्क र पाका उमेरका व्यक्तिमा आँखाको समस्या पाइने गरेको थियो । तर यसपालि १४ वर्ष मुनिका बालबालिकामा पनि आँखाका गम्भीर प्रकृतिका समस्या पाइएको डा. ठाकुरले बताए ।

# विद्यार्थी न्यून भएका विद्यालय समायोजन प्रक्रियामा

कलैया । जीतपुर सिमरा उपमहानगरले जिल्लामै पहिलो पटक विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूको समायोजन सुरु गरेको छ । उपमहानगरले वडा नं १४ स्थित जनचेतना आधार भूत विद्यालयलाई सोही वडाको जनता माध्यमिक विद्यालय रजघट्टासँग समायोजन गरेको छ।

कक्षा ५ सम्म अध्यापन भइरहेको जनचेतना आधारभूत विद्यालयमा जम्मा ३० जना विद्यार्थीहरू अध्ययन गर्दै आएका थिए । १ जना कार्यालय सहयोगीसहित ६ जना शिक्षक रहेको सो विद्यालयको भौतिक सम्पत्तिसहित उपमहानगरले नजिकैको जनता माविमा रजघट्टामा समायोजन गरेको छ । उपमहानगरले चालु आर्थिक वर्षभित्र न्यून विद्यार्थी संख्या भएका ९ वटा विद्यालयलाई तत्कालका लागि समायोजनमा लैजाने तयारी गरे पनि जनप्रतिनिधिहरूको असहयोगका कारण बाँकी विद्यालय समायोजन अगाडि बढ्न नसकिएको उपमहानगरले जनाएको छ ।

चालु आर्थिक वर्षमा उपमहानगरले एउटा विद्यालयलाई घटुवासमेत गरेको छ । नगर शिक्षा ऐन २०७५ मा कमजोर विद्यालयलाई नजिकैको अर्को राम्रो विद्यालयसँग गाभ्न सकिने कानुनी व्यवस्था छ । उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जनप्रतिनिधिहरूको आफ्नै मान्छेको प्रधानाध्यापक र शिक्षकको पद जाने डरले असहयोग गरेका कारण विद्यालय समायोजन र घटुवा कार्यक्रम यस वर्ष सफल हुन नसकेको बताए ।

'यस वर्ष नमुनाकै लागि भए पनि हामीले एउटा विद्यालय समायोजनको सुरुवात गरेका छौँ' प्रशासकीय अधिकृत पुरीले भने 'सरकारी विद्यालयले प्रतिस्पर्धी र शैक्षिक गुणस्तरमा अगाडि फड्को मार्न सकेका छैनन्, यसको कारण हामीहरूले खोजिरहेका छौँ' उनले भने । जीतपुर सिमरा भित्र ६० वटा सरकारी विद्यालयहरू छन् । पर्याप्त सेवा सुविधा र भौतिक सुविधाका बीच पनि सरकारी विद्यालयहरूमा गुणस्तरीय शिक्षा नभएको पुरीको गुनासो छ ।



पुरीले निकट भविष्यमा विद्यार्थी संख्याको आधारमा विद्यालय, शिक्षक समायोजन गर्ने, विद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी पुरा गर्ने बताएका छन् । विद्यालय समायोजन कार्यक्रममा जनता माविका प्रधानाध्यापक राजु अधिकारीले समायोजन भएर आएका शिक्षकहरूलाई सम्मानजनक ठाउँ दिने बताए । यसअघि नगरपालिकाले ०८० जेठ १० गते विद्यालय गाभ्ने विषयमा पत्राचार गरेपछि सोही पत्रका आधारमा १३ गते बसेको अभिभावक भेलाले विद्यालय समायोजनका लागि सहमति गर्ने निर्णय गरेपछि मात्रै प्रक्रिया अगाडि बढाईएको जनचेतना आधारभूत विद्यालयकी प्रधानाध्यापक भवानी पाण्डेले बताइन् । ०४२ सालमा स्थापना भएको जनता माविमा १ हजार १८२ छात्रछात्रा अध्ययनरत छन् । समायोजन भइ आएको विद्यालयको भौतिक संरचनामा उपमहानगरको सहयोगमा नमुना मन्टेश्वरी शिक्षालय सञ्चालन गर्ने योजना रहेको प्रअ अधिकारीले जानकारी दिए ।

# अवैध गुट्खा बरामद



टुडे समाचारदाता

बर्दिवास । महोत्तरी सर्लाही सीमा नजिकको गौशाला नपा -७ स्थित जयपुर गाउँ नजिकबाट प्रहरीले विभिन्न ब्रान्डका भारतीय गुट्खा बरामद गरेको छ । प्रहरीले २०० बट्टा राजनीवास, ४० बट्टा तुलसी र ४० बट्टा रजनीगन्धा नामका गुट्खा नियन्त्रणमा लिएको छ ।

स्थानीय व्यापारीका अनुसार बरामद गुट्खा ४ लाख बढी मूल्य बराबर रहेको छ । सर्लाही आसपासका क्षेत्रमा सीमा तस्करको गतिविधि बढेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गौशालाको टोलीले छ वटा प्लास्टिकको बोरासहित शुक्रवार बिहान उक्त गुट्खा बरामद गरेको जनाइएको छ ।

महोत्तरी सर्लाही नजिकको भारतीय क्षेत्रबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा गस्ती प्रहरीलाई देखि गुट्खा सहितका बोरा छाडी तस्कर भागेका थिए । नियन्त्रित गुट्खा आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय मलिवारमा बुझाइएको जिल्ला प्रहरीले जनाएको छ ।

# नागरिकता विधेयक कार्यान्वयन गर्न माग

टुडे समाचारदाता

राजविराज । नागरिकतासम्बन्धीविधेयककार्यान्वन नगराउन सर्वोच्चले दिएको अन्तरिम आदेशप्रति सरकारले चासो लिनुपर्ने भन्दै नेपाली कांग्रेसका समर्थित भ्रातृसङ्गठनका युवाहरुले जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत सरकारलाई कार्यान्वयनको अनुरोध गर्दै ज्ञापनपत्र बुझाएका छन् ।

नेपाली कांग्रेसका राजविराज नगर कमिटीका सभापति मनोज दास, नेपाल विद्यार्थी सङ्घका महेश यादव, तीर्थनारायण दासलगायत युवा नेताहरुसहितको सहभागितामा जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य पराजुलीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।



नेपालको संविधानले सुनिश्चितगरेकोनागरिकतासम्बन्धी हकमाथि टेकेर संसदबाट पारित नागरिकता विधेयकलाई केही दिन अघि राष्ट्रपतिद्वारा प्रमाणीकरण भएकोले ज्ञापनपत्रमार्फत वर्तमान सरकारलाई धन्यवाद दिएको छ । विधेयक प्रमाणीकरण पश्चात कार्यान्वन गर्न गराउन राजपत्रमा प्रकाशित भइसकेको उक्त विधेयकलाई टेकेर तत्काल नागरिकता जारी नगर्न सर्वोच्च अदालतले गरेको अन्तरिम आदेशका कारण देशभरिमा लगभग पाँच लाख बढी युवाहरु आफ्नै देशमा अनागरिक भइ बाँच्नुपरेको युवाको कथन छ।

# नौ हजार रकम घुससहित वडाअध्यक्ष पक्राउ

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१३ का कार्यवाहक वडाध्यक्ष दिलावर कवडिया रु नौ हजार घुससहित पक्राउ परेका छन् ।

शुक्रबार कवडियासँगै कार्यालय सहयोगी गङ्गाराम बृजवासीलाई रु नौ हजार रकम घुस लिइसकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले नियन्त्रणमा लिएको हो ।

कृषि अनुदानका लागि सिफारिस गरिदिएवापत सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने उजुरी निवेदनका आधारमा घुस रकमसहित वडा कार्यालयबाट नियन्त्रणमा लिइएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिनुभयो ।रासस

# मदरसाको उद्घाटन




टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१४ मा मदरसा तालिमुल इस्लामको उद्घाटन गरिएको छ । मधेश प्रदेशका विनाविभागीय राज्यमन्त्री मोहम्मद अबुलकलाम आजादले मदरसाको उद्घाटन गरेका छन् ।

सो अवसरमा राज्यमन्त्री आजादले समाजको माग अनुसार आफू अघि बढिरहने र सकारात्मक काममा सबैले सहयोग गर्नुपर्ने आवश्यकता रहेको बताए । कार्यक्रममा मौलाना फहीम चर्तुवेदी, सनाउल्ला करिमी, अब्दुल अजिज सलफि, हासिम सलफि ,मौलाना फारुक साहब, राष्ट्रिय मुस्लिम परिषद् नेपालका अध्यक्ष मुसाहिद हुसेन, साजिद पख राउत, सबनम खातुन, जनेद अन्सारी, मनान अन्सारी, सल्मान नदाफ, इरशाद देंजी, दिलसाद, डा.आबिद, करिम कबारि, इम्त्याज, तमना हासिम, डाक्टर हसद राइन, कलाम राइनलगायत बुद्धिजिवी एवम् समाजसेवी तथा युवाहरूलगायतको उपस्थिति रहेको थियो ।

# नागरिक उड्डयन प्राधिकरणद्वारा महानगर प्रमुख साहलाई स्पष्टीकरण

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहलाई सातदिने स्पष्टीकरण सोधेको छ ।

प्राधिकरणले त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल क्षेत्रको आफ्नो स्वामित्वमा रहेको जग्गामा लगाएको तारबार महानगरका प्रमुख साहको निर्देशनमा बिहीबार भत्काएपछि आज प्राधिकरणले उहाँलाई सातदिने लिखित स्पष्टीकरण सोधेको हो ।




स्पष्टीकरणमा भनिएको छ, "काठमाडौं महानगरपालिका-९ स्थित नक्सा सिट नं १०२-११४७-१५, किनं ३० को जग्गा यस प्राधिकरणले तारबार लगाई ऐनको दफा ७ बमोजिम नियमित गरिराखेको विमानस्थल क्षेत्र हो, उक्त क्षेत्रमा नगर प्रहरी राजु पाण्डेसमेतले प्राधिकरणलाई सूचना नदिई अन्य नगर प्रहरीलाई आदेश दिई मिति २०८०/२/३२ मा फिनिसिङ तारबार काट्न लाग्दा नगर प्रमुखको आदेशबमोजिम यस्तो कार्य गरेको र उतै सोध्नु भनी जवाफ दिएकाले सो तारबार र फिनिसिङ काटी लैजाने कार्यमा तपाईंको समेत प्रत्यक्ष संलग्नता देखिएको हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ७ को कसुरमा पत्र प्राप्त भएको मितिले सात दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न हुन प्राधिकरणको मिति २०८०/२/३२ को निर्णयानुसार जानकारी गराइन्छ ।" यसैगरी प्राधिकरणले म्यादभित्र लिखित स्पष्टीकरण पेस नगरेमा कानूनबमोजिम कारबाही गर्ने चेतावनीसमेत दिएको छ ।रासस

# कोशीका सात जिल्ला बाढीपहिरोको उच्च जोखिममा

झापा ।कोशी प्रदेश सरकारले प्रदेश अन्तर्गतका सात जिल्ला बाढी र पहिरोको उच्च जोखिममा रहेको बताएको छ । प्रदेश सरकारले यसवर्ष बाढीपहिरोबाट ६८ हजार नौ सय ११ घरधुरीका तीन लाख एक हजार एक सय ४३ जनसङ्ख्या प्रभावित हुने समेत अनुमान गरेको छ ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० अनुसार कोशी प्रदेशमा झापा, मोरङ, सुनसरी, उदयपुर बाढी र खोलुखम्बू, ताप्लेजुङ र तेह्रथुम पहिरोको उच्च जोखिममा रहेको देखिएको प्रदेश विपद् व्यवस्थापन परिषद्को भनाइ छ ।

जल तथा मौसम विभागले यसवर्ष कम वर्षा हुने पक्षेपण गरे पनि मनसुन विपद् जोखिमको प्रभावकारी प्रतिकार्यका लागि सुरक्षा निकाय, सहयोगी निकायसँगको छलफल, उद्धार तथा राहतका लागि आवश्यक सामग्रीको तयारी भइरहेको परिषद्ले जनाएको छ ।

कोशी प्रदेशमा १० वर्षमा तीन सय ७७ वटा बाढीको घटनामा एक सय २४ जनाको मृत्यु भएको छ । विगत २०६९ सालदेखि २०७९ सम्ममा २१ जना घाइते र ६६ जना बेपत्ता भएको विपद् पोर्टलमा उल्लेख छ ।

झापाका १५ पालिकामध्ये भद्रपुर, अर्जुनधारा, मेचीनगर, कनकाई, शिवसताक्षी, दमक, गौरादह, झापा, बाह्रदशी, कचनकवल, गौरीगञ्ज र कमल पालिका बाढीको उच्च जोखिममा रहेको नेपाल रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकालले बताउनुभयो । रासस

# मनसुन देशभर फैलँदै

काठमाण्डु । हाल देशको पूर्वी तथा मध्य भूभागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भूभागमा स्थानीय वायु र पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । यसका कारण देशका मध्य तथा पूर्वी भेगमा बदलीसँगै हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । अहिले कोशी, बागमती र गण्डकी प्रदेशका कतिपय स्थानमा हल्का वर्षा भइरहेको छ ।



गत जेठ ३१ गते बुधबार नेपालको पूर्वी भेग भएर मनसुन प्रणाली भित्रिएको थियो । देशको कोशी प्रदेश, मधेस प्रदेशको पूर्वी भूभाग, बागमती प्रदेशको अधिकांश भूभाग र गण्डकी प्रदेशका पूर्वी भूभागमा मनसुन आगमन भएको महाशाखाले मनसुन आगमनसम्बन्धी विशेष बुलेटिन निकालेर जानकारी दिएको थियो ।

मनसुन क्रमिकरुपमा फैलिरहेको र यो देशभर विस्तार हुन अझै एक साता लाग्ने महाशाखामा मौसमविद् रोजन लामिछानेले जानकारी दिनुभयो । "मनसुन सुस्त गतिमा छ, पश्चिमतिर फैलिन केही दिन लाग्छ, मनसुन प्रणाली केहीमात्रामा कमजोर रहे पनि वर्षा भने निरन्तर हुनेछ", उहाँले भन्नुभयो ।

मनसुन सुस्त गतिमा रहेकाले देशको पश्चिम क्षेत्रमा फैलिन केही दिन लाग्ने महाशाखाले जनाएको छ । नेपालमा सरदर जुन १३ मा मनसुन भित्रन्छ । यसपाली एकदिन ढिला गरी मनसुन प्रवेश गरेको छ । पूर्वबाट झापा हुँदै नेपाल प्रवेश गर्ने मनसुन नेपालभर फैलिन केही दिन लाग्छ । यो वर्ष सरदरभन्दा कम वर्षा हुने जनाइएको छ ।

महाशाखाका अनुसार अहिले कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागमा थोरै स्थानमा र कोशी प्रदेशका तराईका भूभागका एक दुई स्थानमा मेघगर्जन चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आगामी आर्थिक बर्षका लागि मधेश प्रदेश सरकारद्वारा प्रस्तुत गरिएको बजेट (पूर्णपाठ सहित)



**माननीय सभामुख महोदय,**

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश जन विद्रोह लगायत विभिन्न पहिचान तथा अधिकार प्राप्तिका आन्दोलनहरुमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते हुनु भएका वीर योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. मधेश प्रदेश सरकार मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडावर्ग लगायत अन्य सिमान्तकृत समुदायले गरेको गौरवपूर्ण संघर्षलाई उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, आरक्षण, समानुपातिक प्रतिनिधित्व, समानता, मानव अधिकार, सामाजिक न्यायमा आधारित समतामुलक समाज निर्माणको लागि गरेको संघर्षलाई सफल पार्न तथा शहादत प्राप्त वीर शहीदहरुको सपनालाई सकार पार्ने प्रतिवद्धता व्यक्त गर्दछु।

४. मुलुक तथा मधेश प्रदेशको अर्थतन्त्रमा देखिएको समस्या एवम् चुनौतीलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवम् फराकिलो आर्थिक बृद्धि सहितको सबल अर्थतन्त्र निर्माण गर्न आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु। आम जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

५. आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ। प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका उद्योग प्रवर्द्धन गर्ने। डिजिटल , हरित एवम् कृषिमा आधारित अर्थतन्त्र विकास गर्ने, युवालाई प्रदेशभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पतिको जगेर्ना गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्नमुख रहेको छ।

६. आर्थिक वर्ष २०८०/०८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान प्रदत प्रदेशको अधिकारहरु, नागरिकको मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम, मधेश प्रदेशको प्रथम योजनाले अंगिकार गरेको उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमहरु, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरु, दिगो विकासका लक्ष्यहरु, विनियोजन विधेयक, द्ण्डण को सिद्धान्त र प्राथमिकता सम्बन्धी प्रदेश सभामा भएको छलफलका क्रममा माननीय सदस्यज्यूहरुले प्रदान गर्नु भएको महत्वपूर्ण सुझावहरु, विभिन्न विद्धान, स्थानीय तह, राजनितिक दल, संघ संस्था, आमनागरिक, नागरिक समाज, नीजि क्षेत्र, संचार जगत लगायत सबैबाट प्राप्त राय सुझाव एवम् प्रदेश सरकारबाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु।

७. अर्थतन्त्रको चुनौतीलाई सामाना गर्न र समुन्नत, समृद्ध मधेश प्रदेश निर्माणको आकांक्षालाई पुरा गर्न तुलनात्मक लाभको रुपमा रहेको पर्यटन, औद्योगिक विकास, प्राकृतिक स्रोत साधन, जनसांख्यिक लाभांश र उपलब्ध उर्वर कृषिभूमिको सही सदुपयोग गर्दै उद्यमशीलता सृजना, लगानी अभिवृद्धि र सेवा व्यवसाय प्रवर्द्धनको माध्यमबाट पाँच प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने तर्फ बजेट परिलक्षित रहेको छ। यसले गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउनुको साथै नागरिकहरुको विकास र समृद्धिको आकांक्षालाई सम्बोधन गर्नेमा विश्वस्त छु।

८. मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मधेश प्रदेशका जनताका जनअपेक्षालाई सम्बोधन गर्ने र अर्थतन्त्रमा देखिएका अप्ठेराहरु हटाई जनतामा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु। राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, निजी क्षेत्र, नागरिक समाज, गैर आवासीय नेपाली, विकास साझेदार, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट अर्थतन्त्रमा देखिएका विद्यामान चुनौती सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु।

९. मधेश प्रदेशको अर्थतन्त्रमा रहेका संरचनागत तथा नीतिगत समस्या, संघीय सरकारबाट प्राप्त हुने राजश्वको भेदभाव पूर्ण वितरणको कारणबाट आर्थिक क्रियाकलापमा शिथिलता देखिएको हुँदा आर्थिक बृद्धि न्यून रहन गएको छ। कोभिड - १९ महामारी कम भई अर्थतन्त्र पुनरुत्थान हुने क्रममा रहेकोमा खासगरी युक्रेन रसिया युद्धका कारण आपूर्ती श्रृखला प्रभावित भएको, उच्च ब्याजदरका कारण लगानीमा कमी आएको, सरकारको पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको र समष्टिगत माग तथा आपूर्तीमा कमी आएको हुँदा आर्थिक गतिविधिमा सुस्तता देखिएको छ। यस परिवेशमा उच्च, दिगो र फराकिलो आर्थिक बृद्धि हाशिल गर्ने चुनौती हाम्रो सामु विद्यमान रहेको छ।

१०. न्यून कुल ग्रार्हस्थ बचत, मुद्रास्फिती, उतार चढावयुक्त पुँजी वजार, बढदो व्याजदर, कमजोर पुँजी निर्माण, निरन्तर उच्च व्यापार घाटा, वैङ्किङ क्षेत्रमा खराव कर्जाको जोखिम जस्ता चुनौतीहरु अर्थतन्त्रमा विद्यमान रहेका छन। राजनैतिक परिवर्तन पश्चात जनतामा बढदै गएको विकासको आकांक्षा सम्बोधन गर्न सक्ने गरी प्रदेशको आर्थिक सामर्थ्य विकास गर्ने चुनौती हाम्रो सामु रहेको छ। साथै मधेश प्रदेश मानवीय विकास सूचाङ्कमा पछि पर्नु, औद्योगिक क्षेत्रमा कम लगानी भित्रिनु, आन्तरिक उत्पादन अपेक्षाकृत बढ्न नसक्नु, करिब २४.२ प्रतिशत जनता बहुआयामिक गरिबी रेखामुनि रहनु, बिप्रेषणमा आधारित अर्थतन्त्र भएकोले अस्थिर हुनु, प्रादेशिक अर्थतन्त्रको प्रमुख चुनौतीको रुपमा रहेकोछ। खेतीयोग्य जमिन बाझौं रहनु र युवाहरु रोजगारीको सिलशिलामा बिदेशिनु, पूँजीगत खर्च कम हुनु हाम्रो लागि थप चुनौतीको रुपमा रहेको छ। यसले हाम्रो समष्टिगत अर्थतन्त्र प्रणालीको संरचनामा समस्या रहेको झल्काउँछ।

११. साधारण खर्चमा बृद्धि हुँदै गएको छ। तलब भत्ता, सामाजिक सुरक्षा, वित्तीय हस्तानान्तरण, प्रशासनिक खर्च लगायतको साधारण खर्चमा कुल बजेटको ठूलो हिस्सा यसरी छुट्याउनु पर्दा विकास कार्यका लागि स्रोत व्यवस्थापनमा चाँप परेको छ।

१२. पुँजीगत खर्चको प्रभावकारीता बढ्न सकेको छैन। आयोजनाको पूर्व तयारी र प्राथमिकीकरण नगरी साधन स्रोत छर्ने प्रवृति रहेको र कार्यान्वयन पक्ष कमजोर रहेको छ। स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ। साथै संघीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदानमा व्यापक कटौती भई बजेट व्यवस्थापनमा समस्या आएको छ। राजश्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरी राजश्व परिचालन बृद्धि गर्नु पर्ने आवश्यकता महसुश गरेको छु। स्थानीय तहहरुले संकलन गरेको राजश्व कानून बमोजिम प्रदेश सरकारलाई नपठाउँदा राजश्वमा कमी एवं विकासको समन्वयमा समस्या भएको छ। प्रदेशको बजेटको मुख्य अंश अनुदानमा आधारित भएकोले आन्तरिक आयका लागि करको दायरा बढाउन र आन्तरिक ऋणबाट स्रोत व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ।

१३. नीजि क्षेत्रको लागानी अपेक्षाकृत रुपमा बृद्धि हुन सकेको छैन। विदेशी पूँजी र प्रविधि भित्र्याई आर्थिक विकासमा परिचालन गर्ने नीति लिएको भएता पनि अपेक्षित विदेशी लगानी आप्रवाह हुन सकेको छैन। लगानीमैत्री वतावरण सिर्जना गरी स्वदेशी र विदेशी लगानी विस्तार गर्नु आवश्यक रहेको छ।

१४. सार्वजनिक प्रशासनलाई व्यवसायिक, दक्ष र नजितामुखी बनाई प्रदेश सरकारको उद्देश्य प्राप्तीमा प्रभावकारी रुपमा परिचालन गर्नु चुनौतीपूर्ण रहेको छ।

१५. माथि उल्लेखित चुनौतीका बाबजुद सरकारले लिएको पहल कदमीले अर्थतन्त्रमा सकारात्मक संकेत देखिन थालेका छन्। चालु आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासिक तुलनामा पछिल्लो त्रैमासिकमा आर्थिक क्रियाकलाप विस्तार भएको छ। गत आर्थिक वर्षको तुलनामा पर्यटक आगमनको संख्या झन्डै दोब्बर भएको छ। माथि उल्लेखित चुनौतीका बाबजुद कृषि क्षेत्रमा आकर्षण, पर्यटक आगमन, बैङ्किङ क्षेत्रको तरलता लगायत अर्थतन्त्रको केही सुचकहरु सुधार हुँदै गएका छन् । यस परिपेक्ष्यमा आर्थिक क्रियाकलापमा गतिशिलता ल्याई अर्थतन्त्रलाई लयमा फर्काउन सरकारी वित्तको पुनर्सरचना गरी प्रभावकारी राजश्व परिचालन, परिणाममुखी पुँजीगत खर्च, अनुउत्पादक क्षेत्रमा खर्च कटौती एवम् साधारण खर्चमा मितव्ययिता कायम गर्न जरुरी रहेको छ। साथै, आगामी बजेटले निजी क्षेत्रको मनोबल बृद्धि, उद्यमशिलताको विकास, सेवा प्रवाहमा सुधार एवम् शासन व्यवस्थामा पारदर्शिता कायम गर्ने तर्फ जोड दिनु पर्ने आवश्यकता बोध गरेको छु।

१६. संघीय सरकारबाट प्राप्त हुने अनुदानलाई बढाउने, स्थानीय तहबाट संकलन भएको राजश्व कानून बमोजिम प्रदेश सञ्चित खातामा जम्मा गर्नु पर्ने राजश्व रकम र प्रदेश सरकारले करको दायरा बढाउने कुरामा नीतिगत सुधारबाट आगामी दिनमा राजश्व परिचालनमा बृद्धि हुने विश्वास लिएको छु।

१७. संघीय सरकारको आर्थिक वर्ष २०८०/०८१ को बजेटमा मधेश प्रदेश सरकारलाई सबै भन्दा कम अनुदान प्राप्त भएको विषयलाई मधेश प्रदेश सरकारले गम्भीर रुपमा लिएको छ। आर्थिक स्रोत व्यवस्थापनको सन्दर्भमा संघीय सरकारबाट प्राप्त भएको अनुदान रकम नै सरकार सञ्चालनको मुल स्रोत भएकोले जनतासँग गरेका आफ्ना प्रतिवद्धताहरु तत्काल पुरा गर्न संघीय सरकारबाट प्राप्त अनुदान अप्रयाप्त छ। यस कारण नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण हुनुपर्ने र राजश्व बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रुपमा गर्नु पर्ने संवैधानिक व्यवस्था स्मरण गराउन चाहन्छु।

१८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) बमोजिम प्राप्त हुने मूल्य अभिवृद्धी कर र अन्तः शुल्क करबाट उठेका राजश्वमा नेपाल सरकारले सत्तरी प्रतिशत र प्रदेश सरकार तथा स्थानीय तहलाई पन्ध्र/पन्ध्र बाँडफाँड गरिने गैर न्यायिक वितरण प्रणालीलाई पुनरावलोकन गर्नका लागि संघीय सरकारसँग आवश्यक पहल गर्नेछु।

१९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संघ, प्रदेश र स्थानीय तहलाई राजश्व बाँडफाँड र अनुदान वितरण गर्ने प्रणालीमा जनसंख्या र मानव विकास सुचांङ्कलाई प्रमुख आधार तथा मापदण्ड बनाई राजश्व बाँडफाँड तथा अनुदान वितरण गर्नका लागि संघीय सरकारलाई गम्भिर ध्यान आकर्षण गराउन विशेष पहल गर्नेछु।

२०. प्रदेश आफैले राजश्व उठाइ दरिलो हिसाबले काम गर्न सक्ने वातावरण बनाउन मनोरन्जन कर, कृषि कर, घर जग्गा रजिष्ट्रेशन कर र सवारी कर बाहेक प्रदेशले सेवा र अन्य क्षेत्रमा उठाउन सक्ने करको दायराहरु पहिचान गरी संकलन गर्ने सन्यत्र र पूर्वाधार विकास गर्न विशेष व्यवस्था मिलाएको छु।

२१. प्रदेश सरकार अन्तर्गतका निकायहरुको समय सापेक्ष संगठन व्यवस्थापन सर्वेक्षण (O&M) द्वारा चुस्त र दुरुस्त प्रशासनिक संयन्त्र निर्माण गरी साधारण खर्चलाई वाञ्छित सीमा भित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु। यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र नजितामूलक बनाउन सघाउ पुग्ने अपेक्षा गरेको छु।

२२. चालु आर्थिक वर्षको कुल खर्च रु.४६ अर्व ९२ करोड ११ लाख अर्थात विनियोजन भएको ६७.५ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ। कुल खर्च मध्ये चालु खर्च रु. २० अर्व ९२ करोड १५ लाख अर्थात विनियोजनको ७० प्रतिशत र पूँजीगत खर्च रु. २५ अर्व ९९ करोड ९५लाख अर्थात विनियोजनको ६५ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।

**माननीय सभामुख महोदय,**

अब म सम्मानित प्रदेश सभा समक्ष यस बजेटका प्रमुख उद्देश्यहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

मधेश प्रदेशलाई समृद्ध, सबल, सक्षम, सुखी बनाउने लक्ष्यमा प्रस्तुत बजेटले देहाय बमोजिमको उद्देश्यहरु राखेका छनः

२३. बजेट कार्यान्वयन पक्ष ज्यादै कमजोर भई हाम्रो पूँजीगत खर्च ज्यादै कम भएको र खर्च हुने रकम पनि आर्थिक वर्षको अन्त्यमा धेरै हुने गरेको छ। बजेट तर्जुमा तथा कार्यान्वयन निर्देशिका तर्जुमा गरी बजेट कार्यान्वयनको क्यालेन्डर बनाई बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने बन्दोवस्त मिलाएको छु।

२४. प्रदेश नीति तथा योजना आयोगबाट मंसीर मसान्त भित्र बजेटको सिलिङ्ग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२५. बजेटको कार्यान्वयनका लागि अर्थ मन्त्रालयबाट क्यालेन्डर जारी गरिनेछ, जस अनुसार प्रत्येक मन्त्रालयले भाद्र मसान्त भित्र आयोजना/योजना/कार्यक्रम अनिवार्य रुपमा संचालन गरिने व्यवस्था मिलाएको छु।

२६. मन्त्रालयहरुले आफ्नो काम कारवाहीको नियमित अनुगमन गरि त्रैमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगमा पेश गर्ने व्यवस्था मिलाएको छु।

२७. वास्तविक स्रोतको उपलब्धता विना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने अनियन्त्रित प्रवृत्ति अन्त्य गरिनेछ। यस्ता स्रोत सहमतिका कारण स्रोत व्यवस्थापनमा देखिएका समस्या सम्बोधन गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी नयाँ मापदण्ड तर्जुमा गरिनेछ। सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम तीन गुणा भन्दा बढी नहुने गरी स्रोतको सहमति दिने व्यवस्था मिलाएको छु।

२८. आयोजना कार्यान्वयनका लागि कार्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। असार महिनामा हुने रकमान्तर र नयाँ कार्यक्रम स्वीकृतिलाई निरुत्साहित गरिनेछ।

२९. खर्च गर्ने क्षमता बृद्धि गर्दै वैदेशिक सहायतालाई उत्पादशील क्षेत्रमा परिचालन गरिनेछ। आयोजनाको अनुगमन प्रणालीलाई सुधार गरी नतिजामा आधारित बनाइनेछ।

३०. सरकारका नियमित संरचनाबाट सम्पादन हुने कामका लागि अलग्गै संरचना वा निकाय श्रृर्जना गर्न र परामर्श सेवा लिन तथा स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा सेवा करार लिन नपाइने व्यवस्था गरेको छु।

३१. स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता सामाजिक रुपान्तरण कार्यक्रमबाट हाम्रो समाजमा परेको सकारात्मक प्रभावको लेखा जोखा मन्त्रालयगत रुपमा गर्ने व्यवस्था मिलाएको छु। यसबाट हाम्रो समाजको राम्रा पक्ष, सुधार गर्ने विषयको बारेमा अध्यावधिक जानकारी प्राप्त भई आगामी आर्थिक वर्षमा कार्यक्रम तर्जुमा गर्न मद्दत पुग्नेछ।

३२. मधेश प्रदेशका गौरवका आयोजनाको त्रैमासिक रुपमा प्रदेश नीति तथा योजना आयोगबाट अनुगमन गरी प्रगती प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाएको छु।

३३. प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउँदै प्रदेशले प्रवाह गर्ने सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न प्रशासनिक संयन्त्रहरुको (O&M) गरी संस्थागत संरचना अनुसारको दरबन्दी बमोजिमको कर्मचारीको व्यवस्थापन गरी सार्वजनिक प्रशासनको सुद्दृढीकरणमा जोड दिईनेछ।

३४. माथि उल्लेखित चुनौती र अवसरलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा समाजिक पूर्वधार निर्माण गरी उच्च आर्थिक बृद्धिको आधार तयार गर्ने तर्फ जोड दिएको छु। सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमूलक परिचालन गर्नुका साथै उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनी र गरिब बीचको खाडल कम गर्नु पर्ने आवश्यकता महसुस गरी बजेटको उद्देश्य तथा प्राथमिकता तय गरेको छु।

३५. बजेटका उद्देश्यहरु निम्नानुसार तय गरेको छुः

- मानवीय क्षमता बिकास,
- लगानी प्रबर्द्धन मार्फत उद्यमशिलता र रोजगारी अभिबृद्धि गरी गरिबी न्यूनिकरण गर्ने,
- कृषिजन्य पैदावारको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरि कृषिमा आत्मनिर्भर हुने,
- भौतिक पूर्वाधारहरु निर्माण गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने,
- पर्यावरणको संरक्षण र सम्वर्द्धन गरी जलवायु परिवर्तनका असरलाई न्यून गर्ने,
- समसामयीक कानूनमा परिमार्जन, प्रविधिको प्रयोग र संस्थागत्त सुदृढीकरण द्वारा सेवा प्रवाह प्रणालीलाई प्रभावकारी, जनमुखी तथा परिणाममुखी बनाउने,
- दिगो पर्यटन प्रवर्द्धन मार्फत रोजगारीका अवसर सृजना गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने,
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य, सहअस्तित्व, साझेदारी मार्फत विकासका लक्ष्यहरु हाँसिल गर्ने,
- विद्यमान स्वास्थ्य संरचनाको सुधार, स्तरोन्नती, आधुनिकिकरण, जनशक्ति व्यवस्थापन गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराई गुणस्तरीय जीवन यापन तर्फ उन्मुख गर्ने,
- सार्वजनिक, निजी क्षेत्रको सहकार्य र साझेदारी मार्फत आर्थिक गतिविधीलाई क्रियाशील बनाउने,
- अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक बृद्धि हासिल गर्ने,
- गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,
- लगानीमैत्री वातावरण निर्माण गरी नीजि क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
- संघीयताको सवलीकरण र सुशासन कायम गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने।

३६. बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छुः

- वित्तीय संघीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार,
- भरपर्दो सिँचाई प्रणालीबाट निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीको रुपमा रुपानान्तरण गरी कृषि र सिँचाई क्षेत्रको विकास,
- विकासलाई प्रत्यक्ष लाभ हुने गरी मल, उन्नत बीउ बिजन, प्राविधिक सेवा टेवा तथा अन्य कृषि सामाग्रीहरुको समयमै उपलब्धता सुनिश्चितता,
- कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणमा जोड,
- भूमिगत तथा सतह सिँचाई सुबिधामा छण प्रतिशत अनुदानको व्यवस्था,
- पशु नस्ल सुधार र स्वास्थ्य सेवाको माध्यमबाट पशुजन्य उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि,

(बाँकी पृष्ठ ५ मा)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## स्वतन्त्र गजल

गते बिर्सन्छु सधैं, बार बिर्सन्छु म,
तीनपछि पाँच गन्ती, चार बिर्सन्छु म।
किनफलाएँ खुकुरी मीत, दापभित्र साधु
चोटै चोट निधारका, मार बिर्सन्छु म ।
ढाकर नाम्लो तोक्मा, भरिया जिन्दगी,
मनमनै ज्याला गुन्दा, भार बिर्सन्छु म ।
जँघार यो जिन्दगानी, तर्ने कोशिसमा,
अभावका हाल वार, पार बिर्सन्छु म ।
बग्ने मन आफ्नै वेग, नभ अनावृष्टि ,
बिचलित नदीजस्तै, धार बिर्सन्छु म ।



**लेखक बिनय दहाल काजी**

## रूदै छ नेपाल आमा...

भिक्षा माँगे छु हजुर काहाँ
रकम हैन हामीलाई बिकास देऊ
कति रोए छ मात्रभूमी
भाषण हैन हामीलाई बिकास देऊ ॥१॥
मरुभूमि जस्तै देखिन छ यता
लगने रुख लगाई देऊ
उरेर गायो मनका तृष्णा
रकम हैन बिकास देऊ ॥२॥
लेख्दै छु पन्ती विवस भएर
आखिर बिबस्ताको मर्म बुझिदेऊ
हँसाऊ तपाई रुवाउने तपाई
जनताको मर्म बुझिदेउ ॥३॥
लेखने ले म लेखि दिए
अर्को पान्नमा अरु लेखौला
लेखन विवस भएछ विरेन्द्रले
नेपाललाई स्वर्ग जस्तै बनाई देऊ ॥४॥



**शब्दः- विरेन्द्र कुमार मण्डल उर्फ (विवस)**
**ठेगानाः- हंसपुर ०८ भतही, धनुषा**

## किसान

मातृभूमिको स्वावलम्बी सन्तान ।
हुन् जगपालक जगप्रेमी किसान ॥
किसान हुन् जगको असल मिहिनेती ।

गर्छन् जीवनयापन गरी कर्म-खेती ॥
सपनाको धुनमा सदा रहन्छन् मगन ।
गरी अर्पित माटोमा तन मन र धन ॥

प्रकृतिको काँखमा सदा रहन्छन् रमाइ ।
हलो कोदालोसँग मितसम्बन्ध बनाइ ॥
त्यागी भुख प्यास सहि घाम हुरी छाया ।

गर्छन् अन्नबालीलाई सन्तान सरि माया ॥
बनाउछन् उर्वरमाटो बगाई पसिना खुन ।
उब्जाउछन् अन्न धन - चाँदी हिरा सुन ॥

.............रगत देहको
गुनाहँ गर्नेहरु तिम्रो अपराधको हिसाब होला,
ढुकुटी मास्नेहरु मनपरी भर खल्ती र झोला।

कुकर्मको पोष्लले पोषित त्यो रगत देहको,
टुट्ने छ बांध एकदिन, वाणी मेरो निसन्देहको।
जहाँ , जनताको विलाप शासक सुन्दैन,

जहाँ, विकाशको योजना शासक गुन्दैन।
जहाँ, ढुकुटीलाई अंश लगाई चिथ्रेर खान्छन्,
त्यहाँ कलिला पातहरू पनि झरेर जान्छन्।

जहाँ इमान्दारीलाई चितामा सजाई मलामी लग्छ,
त्यहाँका जनता दुःख र वेदना जीवनभरि भोग्छ।
जब ,शासकको बाझ झैं आँखा ,दुःख पीडा देख्छ,
असल शासक उही ,जसले जन - जनको भाग्य लेख्छ।



**उपेन्द्र ठाकुर**
**राजविराज ७**

## ।। अपने देशमें हम अनागरिक छि ।।

१. जुड़ल छी अहि माटि स ,
हमर जन्मभूमि नेपाल।
हमरा स किया छै भेदभाव,
हमहु छि देशके लाल॥
२. हमहु छि देशके लाल,
बनचित छि सब अधिकार स।
हमर राष्ट्रीयता नेपाली तैयो,
कहैय तु छे बिहार स॥
३. धोती-धोती संज्ञा भेटल,
राष्ट्रीयता भेटल बिहारी।
अपने देशमें अनागरिक छि हम,
हरागेल घर घरारी/दुवारी॥
४. हरागेल घर घरारी/दुवारी,
नै अइ कोनो प्रमाण यौ।
माँ-बाबू हमर नेपाली तैयो,
नै रहल हमर पहिचान यौ॥
५. माइतिघरमें बेर-बेर गेलौ,
सूतल कत छै इ सरकार।
नागरिकता बिना अस्तित्व हमर कि ,
नेपालमें मात्र परैछै पहाड॥
६. नेपालमें मात्र परैछै पहाड,
तब मधेश कोना नेपालमें।
आत्मदाह लेल सब मजबूर,
जे भर्ना छि अस्पतालमें॥
७. नागरिकता बिनाके पिडा कि छै,
पुछ्यौ नागरिकता विहिन स।
पैढो-लिख किछ क नै पैलौ,
रहबै क-कर जमिन प॥
८. रहबै क-कर जमिन प,
अस्तित्व हमर , पहिचान कि॥
नागरिकताक अन्तिम तडाइमें,
साथ दियौ हे माँ जानकी॥
९.अइ दुनियास अनजान छि,
साथ दियौ हे माँ जानकी॥



**शब्द : राजन झा (Rj Vatsya)**
**महोत्तरी, पिप्रा - ०५**

## घर घर के कहाँनी

ज भाई छोट रहै छलै भैया बड
प्यार दुलार करै छलै
ज भाई के घरमे नै देखै छलै त
भैया भाई के खोज लेल सौसे गाम
छान मरै छलै
ज भैया बजार हाट जाई छलै
भाई लेल सनेश लबै छलै
नया कपड़ा लबै छलै
ज भाई के किनको सँ झगड़ा
भजाई छलै भैया भाई के पछ मे
लडै छलै
और घर मे माए बाबू कोनो गलती
के कारण भाई के डटै छलै
त उ गलती भैया अपना सिर पर
ललै छलै
भाई के कोनो दुःख तकलीफ होइ छलै
भैया सब समाधान करै छलै
ज भाई बढ़लै जुवान भेलै सदी विवाह
कैल्कै त भौजाइ भावो के पटरी नै
खाई लगलै
भैया सोचल्कै आब एना नै हेतै
भाई के भिन्न कर परतै
भाई भाई भिन्न भेलै सब किछ
बटबार भेलै एगो सुइ सेहो
आधा आधा भेलै
जे भैया भाई लेल अपन जानके बाजि
रखै छले से भैया अखन भाई के
देखा नै सकै छै ई समाज मे और
सभक घर परिवार मे एहने कथा
बेथा चैल रहल छै
धन संपत्ति त अपना ठाउ पर छै
लेकिन छोट छोट बात पर भैया
भाई भौजाई भावो लरै छै
सुन्दर सन खुन रिस्ता पल्ले भैर मे
तोरै छै अपन आन और आण सँ रिश्ता
जोरै छै ।



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## माया

तिमी मेरो दुनिया हौ कि मेरो प्राण
क्या गजब लाग्छ तिम्रो मधुर मुस्कान ॥

तिम्रो लागि यो ज्यानको बाजी लगाउँछु प्रिये
भन के चाहियो आखिर तिमिलाई प्रमाण ॥

दिलको हरेक कुनामा सजाएर राखे छु
जसरी राखेको छ तरबार लाई म्यान ॥

तिमी बेहुली बनी आउनु मेरो घरमा
चाहे मेरो विरुद्धमा होस् यो दुनिया जहान ॥

तिमिलाई सम्झी सम्झी हरेक पल बित्छ
प्राण प्यारी!चाहे साँझ होस् , चाहे बिहान ॥

स्वर्ण कि अपसरा जस्तै छौ तिमि
खै कुन शब्दले गरु म तिम्रो व्यान ॥

तिमि माथि मेरो हरेक कुरा कुरबान
चाहे मेरो जिन्दगी होस् या मेरो प्राण ॥



**लेखक-श्रवण कुमार कापर**
**ठेगाना -जनकन्नदनी ग.पा ५ (पतनुका)**

## विद्यार्थी को विचार

विद्यार्थी हौं हामी देशका भविष्य
सार्थी हौं हामी आमा(बुबाका आश्य ॥
हामी सबै अगाडी बढ्ने गरौं
सगरमाथा झैं अग्लो देशको नाम गरौं ॥१॥
मनको सबै कुरा त्यागौं
पढाइ प्रति ध्यान लगाऊ
लक्ष्य हामी बनाउ
अर्जुन जस्तो बनौं ॥२॥
भोक, प्यास, निन्द्रा त्यागनु पर्छ
असल सुविचार ल्याउनु पर्छ ॥
सानै(सानै गरेर बिताए यति खेलमै दिन
आजै देखि सुरु गरौं असल राम्रो दिन ॥३
हामीलाई शीतलता हुनु पर्यो
नम्र र मिठो कुरा बोल्नु पर्यो ॥
ठूलोलाई आदर, समान गर्न सिकौं
सानोलाई माया, प्रेम दिन सिकौं ॥४॥
बुद्ध जस्तो ध्यानी बनौं जनक जस्तो ज्ञानी
बन्नु पर्छ हामीलाई सिता झैं बुद्धिमानी ॥
विद्यार्थी हौं हामी देशका भविष्य
हौं हामी सार्थी आमा बुबाको आश्य ॥५॥



**लेखकः- मनिष कुमार राउत**
**ठेगानाः- पिपरा-१ खैरबा (महोत्तरी)**

## झनेपाली मुटुत्र

पुर्वमा मेची बग्यो पक्षिचममा महाकाली
इ सब हाम्रो चिनारी हाम्रा मुटू नेपाली ।
स्वतन्त्र शान्ति हामी नेपालीको आचरण
विश्व सामु छौं हामी शान्तिको उधारण ।
मानव कल्याण अशातित्व राख्दछ खयाल
हामी हाम्रा भावनामा बाच्दछौं नेपाली ।
गौरवपुर्ण शवदेश हाम्रो प्रकृतिको सौगात
नेपाली आमाको सपूत , हामी चिन्दछ सँसार।
सँसारभरी पहिचान हाम्रो हामी कसैको दलाल होइन
भन्छन हाम्रा वीर गोर्खाली, हाम्रो मुटु नेपाली।



**उमेश राज**
**रौटहट**

## गजल

सुत बला जागल आ जाग बला सुतल अछि
समाजमे त रामके भेषमे रावण छुपल अछि
करैय भाईचाराके बात मोनमे राखिक ईर्ष्या
साच्चो अमाबसमे चौठिक चाँन उगल अछि
डेग-डेगप सारथि बनिक जकरा आबाद केलौ
ओकरे चक्करमे जिनगी बर्बादीमे डुबल अछि
कि भेटल अहाँके अई बेईमानीस पैसेके लागि
घर,समाजके सँग परिवारके साथ छुटल अछि
विश्वास जित'क करत विश्वासघात जे एकराप
करत विश्वास ओकर साचो कपार फुटल अछि
मान,सम्मान,पहिचान आ भगवान अछि पैसा
पैसाप टुटलो नाता सब समाजमे जुटल अछि



**दिनेश यादव**

## ऋणि देश

देश मेरो ऋणि भईयो
नयाँ, पुराना नेताहरु स्वार्थी भईयो॥१॥
नागरिक यहाँ नागरिकता विहिन भईयो
अन्तरराष्ट्रिय दलालहरु यहाँ हिरो भईयो॥२॥
सांसद मा भैंसी रागां रागां भनेर नारा दियो
देश बनाउने गको नेता सबै डलर मै बिक्यो॥३॥
यहाँ पसल खोले जस्तै नयाँ-नयाँ पार्टी खोल्यो
आफू अपराध बाट बच्न अनेकौ वहाना रोज्यो॥४॥
ऋण नेताहरु खायो, ऋणि गरीव जनतालाई बनायो
एक-अर्कामा व्यङ्ग्य हानी देशलाई तरंगित गरायो॥५॥



**लेखकः उज्ज्वल झा (निकेत)**
**अस्थायी ठेगानाः जनकपुरधाम.४**

## गजल

निज का खालिस पता खोज न सका
जमिपर अपना लकिर कोर न सका
होनोको कई रास्ते है फसानेको जमानेमे
उतरने को दिल मे रास्ता मोड न सका
खोज तो खुद की है खुदा तो बहाना है
फिर भि हिरा के लिए पत्थर छोड न सका
जिसके पाने से सबकुछ मिल जाना है
छिटके बुँद को समंदर से जोड न सका
कइयो से बनाये रिस्ते सूना सूना है दिल
याद-ए-हक तुम भ्रमका नाता तोड न सका
न जाने किस-किस पर वक्त गवाया फिरा
खुद की भला के लिए वक्त चोर न सका



**प्रमोद महतो**
**बसन्तपुर, सर्लाही**

# सरोज र करिश्माको 'बगान' असार २९ मा

काठमाण्डु । अभिनेता सरोज खनालको डेब्यू निर्देशित फिल्म 'बगान'को नयाँ प्रदर्शन मिति तय गरिएको छ । बिहीबार एक पोस्टर सार्वजनिक गर्दै यही असार २९ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि गत वर्षको फागुन १२ गते फिल्म प्रदर्शनमा आउने तयारीमा थियो । तर, विभिन्न कारणले रिलिज हुन सकेन । असार २९ मा फिल्म 'बद्री बहादुर' पनि प्रदर्शनमा आउँदैछ ।

सुरेश वाग्ले प्रस्तुतकर्ता र विनोद मानन्धर कार्यकारी निर्माता रहेको फिल्ममा निर्देशक खनालसँगै करिश्मा मानन्धर, प्रमिल कार्की, नीर शाह, मिथिला शर्मा, बसुन्धरा भुषाललगायतको अभिनय छ भने अभिनेता आकाश श्रेष्ठ विशेष भूमिकामा छन् । फिल्ममा गौरीशंकर धुजुको डिओपी, नारायण जिसी/उत्सव दाहालको छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहको सम्पादन छ ।

निर्देशक खनालले फिल्मको माध्यमबाट आफूले विधवा आमाको पनि विवाह गर्नुपर्छ भनेर सवाल उठाएको बताएका छन् । उनी भन्छन्, 'यदि अल्पआयूमै श्रीमातीको निधन भएपछि पुरुषलाई बाँकीको जीवन विताउन जीवन साथीको खाँचो हुन्छ भने के महिलाहरुलाई हुँदैन ? अब विधूर पिताको मात्र होइन, विधवा आमाको पनि विवाह गर्नुपर्छ । फिल्मले उठाएको सवाल यही हो ।'




# गौरव र नम्रताको 'नम्बरी सुन' को टिजर रिलिज

काठमाण्डु । राजु गिरी निर्देशित फिल्म 'नम्बरी सुन'को टिजर सार्वजनिक भएको छ । सुनको इतिहासमाथि निर्माण भएको फिल्मको टिजर भने अभिनेता गौरव पहारी र नम्रता सापकोटाको प्रेम सम्बन्धमा आउने उतार-चढावमा केन्द्रित छ । कमेडी र एक्सनलाई प्राथमिकता दिइएको टिजरमा किरण नेपाली भिलेनको भूमिकामा प्रस्तुत छन् भने सरोज खनाल गाउँको मुखियाको भूमिकामा देखिएका छन् ।



आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा बुद्धि तामाङ, राजाराम पौडेल, राजेन्द्र खड्गी, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारीलगायतको पनि अभिनय छ । नारायण खातीको शब्द रचना, कथा तथा प्रस्तुति रहेको फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद छ ।

गत महिना हेटौंडामा भएको प्रिमियरमा फिल्मलाई सकारात्मक प्रतिक्रिया मिलेको थियो । रामजी लामीछानेको नृत्य निर्देशन, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, राजेशपायल राई, शान्तिश्री परियार, प्रताप दास र अनु चौधरीको स्वर, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, गौतमराज खड्काको सम्पादन, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन र विनोद भुजेलको ब्याकग्राउन्ड स्कोर रहेको यस फिल्मको निर्मातामा सरोज खाती, सविन खाती र मनोज रिजाल छन् ।

# आगामी आर्थिक बर्षका लागि.....

- सामुहिक खेती, सामुहिक सहकारी खेती, सामुहिक करार खेती, करार खेती प्रणाली अवलम्बनमा जोड,
- कृषि बजारिकरण तथा कृषि जन्य उद्यमशिलता प्रवर्द्धनमा प्राथमिकता,
- कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई व्यापक रुपमा विस्तार,
- घाँसेबालीमा आधारित दुग्ध तथा मासु उत्पादन कार्यक्रमलाई थप व्यवस्थित तथा सुदृढीकरणमा जोड,
- रैथाने बालीनाली/पशुपन्छी र मत्स्य क्षेत्रको जैविक विविधता संरक्षणको लागि विशेष पहल,
- एक टोल एक सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र लगायतका कृषि कार्यक्रम सञ्चालन,
- प्रादेशिक अस्पतालहरुमा विशेषज्ञ सेवा सञ्चालनमा ल्याउन Physiotherapy and Dialysis लगायतका सेवाहरु सञ्चालन,
- गुणस्तरीय स्वास्थ्य सेवामा हरेक वर्ग, जाति तथा समुदायको पहुँच सुनिश्चित गरी सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षाको आवश्यक प्रबन्ध,
- मोबाइल ट्रमा सेन्टर अस्पतालको लागि सेवा विस्तार,
- मानव संशाधन विकासको क्षेत्रमा प्रत्येक जिल्लाका १/१ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा क्षमता विकास,
- कन्या आवासीय कलेज स्थापना,
- कक्षा ८ देखि १० सम्म अध्ययनरत बालिकाहरुलाई निःशुल्क स्यानेटरी प्याडको नियमित वितरणको व्यवस्था,
- सांकेतिक भाषा तथा ब्रेललिपीका पाठ्यपुस्तक पढाउनका लागि दक्ष शिक्षकको व्यवस्था,
- सामाजिक सुरक्षाको लागि अपाङ्ग, अनाथ, अशक्त, असहाय व्यक्तिहरुको मानवोचित व्यवस्थापन,
- अति विपन्न तथा सिमान्तिकृत घर परिवारका लागि "एक परिवार एक विद्युतीय चुल्हो"कार्यक्रम सञ्चालन,
- उद्योग र पर्यटन विकास , पर्यावरण संरक्षण, विपद् व्यस्थापन तथा जलवायु अनुकूलन र जोखिम न्यूनीकरण गर्न आवश्यक प्रवन्ध,
- भौतिक पूर्वधार निर्माणमा जोड,
- सामाजिक न्याय र सशक्तिकरणमा जोड,
- यस प्रदेशमा आयोजना हुने ११ औं राष्ट्रिय खेलकुदका लागि आवश्यक पूर्वधार निर्माण,
- डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिबृद्धि गर्न दलित शिक्षा अभियान अन्तर्गत प्रत्येक बालबालिकाको खाता शिक्षा बिजक रकमको सुनिश्चितता।

**माननीय सभामुख महोदय,**

नेपाल सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमले परिलक्षित गरेका सोंचहरुलाई कार्यान्वयन गर्नेमा मधेश प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

अब म अन्तर सरकारी वित्तीय हस्तानान्तरण ऐन, २०७४, प्रदेश वित्तीय हस्तानान्तरण व्यवस्था ऐन, द्गठछ, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव बमोजिम वित्तीय हस्तानान्तरण सम्बन्धी विस्तृत विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु।

३७. अन्तर सरकारी वित्तीय हस्तानान्तरणलाई जनसंख्या, क्षेत्रफल, खर्चको आवश्यकता, राजश्व क्षमता, पूर्वाधारको अवस्था र मानवीय संशाधनको विकासको आधारमा मापदण्डहरु तर्जुमा गरी वित्तीय हस्तानान्तरणलाई वस्तुनिष्ठ र अनुमानयोगय बनाइएको छ।

३८. स्थानीय तहले कार्यान्वयन गर्न सक्ने साना योजनाहरु (रु.१५ लाख सम्मको) आवश्यकता, औचित्यता, प्रभावकारीता र कार्यक्षमताको आधारमा सम्बन्धित स्थानीय तहहरुमा हस्तानान्तरण गर्ने नीति लिएको छु।

३९. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका विषयहरु तत् तत् निकायबाट कार्यान्वयन हुने गरी राजश्व बाँडफाँड तथा वित्तीय हस्तानान्तरण हुने व्यवस्थालाई निरन्तरता दिएको छु। सशर्त, समपुरक, विशेष र वित्तीय समानीकरण अनुदान कार्य प्रगतिको आधारमा हस्तानान्तरण गरिनेछ। सो कार्यको लागि रु.३ अर्ब ५२ करोड ८० लाख ४७ हजार विनियोजन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४०. मधेश प्रदेशको अर्थतन्त्रको मूल आधारको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकिकरण र व्यवसायीकरण गरी कृषिमा आत्मनिर्भर हुनुको साथै निर्यात प्रवर्द्धन समेतको लागि दिर्घकालीन योजनाको आवश्यकतालाई महसुश गरी १० वर्षे प्रादेशिक कृषि गुरु योजना तयार गर्नका लागि रु. ५० लाख विनियोजन गरेको छु।

४१. कृषि पेशालाई आधुनिकीकरण, व्यावसायिकीकरण र यान्त्रीकीकरण गरी कृषिको उत्पादन र उत्पादकत्व बढाउन प्रत्येक जिल्लाबाट उत्कृष्ट किसानहरुलाई विदेशमा आधुनिक कृषि फार्मको स्थलगत वैदेशिक अवलोकन भ्रमणको आवश्यक व्यवस्था मिलाएको छु।

४२. "एक टोल एक सामुहिक कृषि उत्पादन", "एक वडा एक विशेष उत्पादन" र "एक पालिका एक उत्पादन क्षेत्र" कार्यक्रम नमूनाको रुपमा प्रत्येक जिल्लालाई समेटने गरी सञ्चालन गर्नको लागि रु. १० करोड बजेट विनियोजन गरेको छु।

४३. कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायीकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न रु. २५ करोड बजेट विनियोजन गरेको छु।

४४. संघ र स्थानीयतहसँग समन्वय गरी मधेश प्रदेशको किसानहरुलाई किसान कार्ड वितरण गर्ने कार्यक्रम ल्याएको छु। यसका लागि यथोचित बजेट विनियोजन गरेको छु।

४५. किसानलाई सरल सहज रुपमा उन्नत जातको बिउ बिजन, मल उपलब्ध गराउन, कृषि तथा पशु विमा, उत्पादन संकलन केन्द्र निर्माण, प्रशोधन भण्डारण र विक्रि व्यवस्थापनको लागि रु. २० करोड विनियोजन गेरको छु।

४६. किसानको खेत देखी बजारसम्म सहज पहुँचको सुनिश्चतता गर्न, कृषि लागत घटाउन आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्न यथेष्ट बजेट विनियोजन गरेको छु।

४७. माटो र कृषि उपजको गुणस्तर परीक्षण गर्न प्रयोगशाला निर्माण र सुदृढीकरण गर्न रु.२ करोड विनियोजन गरेको छु।

४८. मुख्यमन्त्री किसान उत्थान कार्यक्रम अन्तर्गत कृषि, दुग्ध, मासु, कम तौल तथा उच्च मूल्य भएका उत्पादन प्रवर्द्धनका लागि रु. १५ करोड बजेट विनियोजन गरेको छु।

४९. "हरेक खेतमा पानी किसानको आम्दानी" अभियानलाई सकार पार्न कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजनाको रुपमा विकास गर्दै कृषि विद्युतीकरणलाई विस्तार, निःशुल्क कृषि मिटर, सिचाँई प्रयोजनका लागि लाग्ने विद्युत महसुलमा अनुदान समेतको लागि रु. ४० करोड विनियोजन गरेको छु।

५०. अधुरो अपुरो रहेका वा सञ्चालनमा नरहेको डिप ट्यूवेल, स्यालो ट्यूवेल, पावर ड्रिल बोरिङ्गहरुलाई यसै वर्ष सञ्चालनमा ल्याई सिँचाईको प्रबन्ध गर्न रु. ३० करोड विनियोजन गरेको छु।

५१. सतही, मझौला, भूमिगत लगायतका सिँचाईको व्यवस्थापनको लागि रु. १ अर्व २५ करोड विनियोजन गरेको छु।

५२. पशु नश्ल सुधार अन्तर्गत घुम्ती कृत्रिम गर्भाधारण कार्यक्रम सञ्चालनको लागि रु. १ करोड विनियोजन गरेको छु।

५३. स्थानीय तहसँग समन्वय गरी कम्तिमा एक पालिका एक कृत्रिम गर्भाधारण केन्द्र स्थापना गर्न यथेष्ट रकम विनियोजन गरेको छु।

५४. कृषि र पशुपन्छीमा लाग्ने विभिन्न रोग र किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५५. निजी तथा गैर सरकारी क्षेत्रको सहकार्य तथा साझेदारीमा प्रदेशको प्रत्येक जिल्लामा कम्तिमा एउटा एकिकृत जैविक फार्म र कृषिमा आधारित उद्योगको विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु। यसलाई कार्यान्वयन गर्न आवश्यक कानून बनाउने व्यवस्था मिलाएको छु।

५६. तुल्नात्मक लाभ बढी हुने, कम ठाउँ ओग्टने, कम तौल तथा मूल्य उच्च हुने जस्ता मह, मखान, च्याउ तथा मसला जस्ता नगदे बाली विस्तार र प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५७. आम कृषकहरुले उत्पादन गरेको कृषि उपजको उत्पादनलाई सहज, सरल बजारीकरणका लागि प्रत्येक जिल्लामा एकीकृत बजार व्यवस्थापन कार्यक्रमका लागि रु. २ करोड २० लाख रकम विनियोजन गरेको छु।

५८. मधेश प्रदेशको Culture नै Agriculture भएकोले मधेश युवाहरुलाई कृषि पेशा र व्यवसाय प्रति आकर्षण बढाउन र रोजगारवाट आएका पूँजी, श्रम र सिपलाई व्यवसायीकीकरण गर्ने प्रयोजनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्न यथोचित बजेट विनियोजन गरेको छु।

५९. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकीकरण, बजारीकरण र यान्त्रिकीकरणमा रुपानान्तरण गरी किसानहरुको सहज बजार पहुँचको लागि कृषि सडक निर्माणको लागि रु. २० करोड विनियोजन गरेको छु।

६०. उखु किसानहरुको यथोचित लागत र लाभ मूल्य समयमा निर्धारण गर्न तथा उखु किसानहरुले मिलमा उखु बुझाएको मितिले १५ दिनभित्र अनिवार्य रुपमा भुक्तानी हुने गरी आवश्यक व्यवस्थाका लागि उद्योगी व्यवसायी र संघीय सरकारसँग समन्वय गर्नेछु।

६१. परम्परा देखि चल्दै आएको आफ्नै वारीको तरकारी, किचन गार्डेन (करेसावारी) तथा कौसी तरकारी खेतीलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था मिलाएको छु।

६२. समग्रमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि रु २ अर्व ६२ करोड ८५ लाख २७ हजार वजेट विनियोजन गरेकोछु।

**माननीय सभामुख महोदय,**

६३. वन क्षेत्रको दिगो विकास, संरक्षण, सम्वर्द्धन, उचित व्यवस्थापन र प्रदेशमा वन पैदावारको दिगो आपूर्ति गरी आत्मनिर्भर बनाउन मधेश प्रदेशको वन क्षेत्रको गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६४. "चुरे जोगाउ मधेश बचाउ" अभियानका लागि प्रदेश वन तथा वातावरण मन्त्रालयद्धारा माथिल्लो तथा तटीय अन्तरसम्बन्धको आधारमा चुरेको प्रभावकारी संरक्षण गर्न एकिकृत प्रणाली अनुरुप चुरे संरक्षण तथा व्यवस्थापन कार्यान्वयनका लागि "चुरे संरक्षण तथा व्ययस्थापन ऐन " बनाउन आवश्यक पहल गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी क्रसर उद्योगलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

६५. बढदो गर्मी र उत्पादकत्व ह्रास जस्ता जलवायु परिवर्तनका प्रत्यक्ष प्रभावलाई न्यून गर्न "हर एक एक वृक्ष लगाऊ (One Man One Tree)" अभियान मार्फत यस प्रदेशको प्रमुख सडक सञ्जालहरुमा अनिवार्य वृक्षारोपणको लागि श्रावण महिनामा वृक्षारोपण सप्ताह मनाउन गर्न रु. ३ करोड विनियोजन गरेको छु।

६६. "जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख" को नारालाई चरितार्थ गराउन स्थानीय तह समेतको समन्वय र सहकार्यमा नदी तथा सिँचाई एवं सडकको दुवै किनारामा विरुवा रोपी हरियाली प्रवर्द्धन गर्नुका साथै ग्रामीण तथा शहरी वन विकासका लागि रु. १५ करोड विनियोजन गरेको छु।

६७. प्रदेशका गौरवका सडक निर्माण गर्दा सडकको दुवै किनारामा अनिवार्य रुपमा विरुवा रोप्न र निर्माण भइसकेका सडकहरुमा क्रमशः विरुवा रोपी हरियाली प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६८. वन जंगलको संरक्षण, सम्वर्द्धन, विस्तार र उत्पादकत्व वृद्धिको लागि Social Forestry र Agro Forestry को शुरुवात गर्ने व्यवस्था मिलाएको छु।

६९. "मधेश हरित प्रदेश" को अभियानलाई निरन्तरता दिन विभिन्न बहुउपयोगी प्रजातीहरुको बहुवर्षीय विरुवाहरु उत्पादन तथा वितरण गर्न प्रत्येक जिल्लामा स्थापित नर्सरीलाई व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु।

७०. परिस्थितिकीय तथा पर्यटकीय महत्वका सिमसार, जलाशय, ताल, पोखरी लगायत चुरेको फेदीमा रहेका सरकारी र सार्वजनिक जग्गामा वन्यजन्तुको संरक्षण र पर्यापर्यटनको विकास गर्न वृक्षारोपण, पार्क निर्माण, जलाशय र भल पानी संकलन, पोखरी निर्माण, थिग्रायन नियन्त्रण, सिमसार पुनरोत्थान जस्ता कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७१. प्रदेश भित्रका जिल्लाका सदरमुकाम तथा शहरोन्मुख क्षेत्रमा "हरित शहर स्वच्छ शहर" को रुपमा विकसित गर्न सघन शहरी तथा हरित पार्क र इको पार्क कार्यक्रमलाई निरन्तरता दिन रु. १० करोड बजेट विनियोजन गरेको छु।

७२. नागरिकको स्वच्छ वातावरणमा बाँचन पाउने अधिकारलाई सुनिश्चित गर्न प्रदेश स्थित हुलाकी राजमार्ग सप्तरीको भारदह देखी पर्साको ठोरीसम्म सडकको दुबैपट्टी ट्रि गार्ड सहित वृक्षारोपण गर्न रु. ५ करोड रकम विनियोजन गरेको छु ।

७३. खाली सरकारी जग्गा तथा नदी नियन्त्रणको लागि निर्माण भएको वा हुने तटबन्धको स्थायित्व तथा सवलीकरणको लागि वातावरणीय महत्वका बहुउपयोगी वोट विरुवाको वृक्षारोपण कार्यलाई प्राथमिकता दिई विकास गर्न यथोचित बजेट विनियोजन गरेको छु।

७४. जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वन क्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय दृष्टिकोणले हटस्पट घोषणा तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

७५. चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत सम्भार गरी माटो कटान कार्यलाई नियन्त्रण, Rain water harvesting system, भूमिगत पुनर्भरण (Ground water recharge) गरी र भूमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्यका लागि यथोचित बजेट विनियोजन गरेको छु।

७६. प्रदेशको उद्योग, व्यपार, कृषि, स्वास्थ्य र सेवा व्यवसायको स्थापना विस्तार र आधुनिकीकरण गर्न थप लगानी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त गर्ने वातावरण तयार गर्न लगानी सम्मेलन आयोजना गर्ने व्यवस्था मिलाएको छु। यसबाट मधेश प्रदेशको समग्र विकासमा टेवा पुग्नेछ।

७७. मधेश प्रदेशमा आर्थिक समृद्धिताका लागि प्रचुर रोजगारका अवसरहरु सिर्जना गर्न लगानी मैत्री वातावरण बनाई मधेश प्रदेशलाई लगानीको हव बनाउन उद्योग, व्यापार तथा सेवा व्यवसायलाई विकास एवम् विस्तार गर्ने उद्देश्यले आगामी मंसिरमा वृहत लगानी सम्मेलन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७८. मधेश प्रदेश भित्रका सांस्कृतिक तथा धार्मिक महत्वका सम्पूर्ण नदीनालाका पहिचान गरी सोको संरक्षण र सम्वर्द्धनका लागि संघीय र स्थानीय तह सँग समन्वय गरी "प्रदेश प्रमुख नदीनाला नियन्त्रण तथा जल संरक्षण कार्यक्रम" सञ्चालन गर्न रु. ३० करोड बजेट विनियोजन गरेको छु।

७९. स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु साना तथा मझौला उद्योगहरुलाई प्रवर्द्धन गरिनेछ । मूल्य श्रृंखलामा आधारित उद्यमशील र उत्पादनशील संस्कृतिको विकास गरी लघु तथा साना उद्योगहरुको मझौला तथा ठूला उद्योगहरुसँग सम्बन्ध कायम गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

८०. घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्न विभिन्न सरोकारवालाहरुको सहयोगमा सीप तथा उद्यमशीलता विकास तालिम, सूचना प्रवाह, प्रविधि हस्तान्तरण, लगानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला, एक्सपो सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८१. "मधेश प्रदेशको पर्यटन पुर्वाधार, आन्तरिक पर्यटनको आधार" भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका साथ धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्वका पुर्वाधारको जिर्णोद्धार, विकास र प्रबर्द्धन गर्न दीर्घकालिन प्रभाव र परिणाम दिने ठुला लगानीका "एक जिल्ला एक नवीनतम पर्यटकीय गन्तव्य" को कार्यनीति लिई प्रदेशको गुरुयोजना तर्जुमा गरी वार्षिक तथा वहुवर्षिय कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

८२. प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुः जनकपुरधामको विश्व प्रसिद्ध जानकी मन्दिर, कन्चन वन, पर्साको ठोरी, सौतनिया पोखरी, मंगलनाथ महादेव मन्दिर, गेउरकी माई, सप्तरीको मरौटी, चन्द्र भोगा जुडपनिया, दिनाराम भद्री, डाक्नेश्वरी मन्दिर, लालेश्वरनाथ महादेव, शखडा भगवति, कंकालिनी, शम्भुनाथ, सल्हेश फुलवारी, सल्हेश मन्दिर, धनुषाधाम, दुरबासा ऋषि, जनकपुरधाम, विद्यापति डिह, रौजामजार, सती बिहुला, मटिहानी, जलेश्वर महादेव, सिमरौनगढ, महागढीमाई, सर्लाहीको मुक्तेश्वरनाथ, चमेलीमाई, सरलहीयामाई मन्दिर, पारसनाथ मन्दिर, पडौलस्थान, रौतहटको शिवनगर महादेव मन्दिर, पर्साको भट्टा मन्दिर, मानिकदह, कमलदह लगायत अन्य धार्मिक तथा पर्यटकीय स्थलको रुपमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

८३. नेपालको प्रसिद्ध शक्तिपिठ गढीमाई मन्दिरको गुरुयोजना बनाई विशेष महत्त्वका साथ आवश्यक पूर्वाधारहरु निर्माण गर्न रु. २ करोड बजेट विनियोजन गरेको छु।

८४. होटल व्यवसायी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा मिथिला माध्यमिकी परिक्रमाका पराउ स्थलहरु तथा रामायण सर्किटसँग जोडिएका स्थललाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रचार-प्रसार तथा ब्रांडिङ्ग गर्न उक्त स्थल तथा मधेश प्रदेशका विभिन्न पर्यटकीय स्थलहरुलाई बृहत् विकास गरी पर्यटन प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८५. मधेश प्रदेश भित्रका भाषा, संस्कृति, परम्परागत मौलिक कला, लोक-संगीत, लोक-नृत्य, नाट्य, साहित्यको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गरी पर्यटकीय आकर्षण बढाउन कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८६. मानव शवलाई व्यवस्थित दाह संस्कार गर्न पालिकाहरुमा क्रमशः शवदाह निर्माण तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

८७. नेपालको सबैभन्दा होचो ठाउँ धनुषाको मुखियापट्टी मुसहर्नियालाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

८८. वैदेशिक रोजगारीमा जाने तथा फर्किएका युवा जनशक्तिसंग भएका सीपलाई सदुपयोग गरी स्वदेश मै आयआर्जनका बाटो खुलाउन सीपविकास तालिम, प्राविधिक सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु सञ्चालन गर्न रु. १० करोड बजेट विनियोजन गरेको छु।

८९. पर्सा राष्ट्रिय निकुञ्च र कोशी टप्पु वन्यजन्तु आरक्षलाई वन्यजन्तु र पंक्षी अवलोकन जंगल सफारी लगायतका क्रियाकलापको गन्तव्यको रुपमा विकास गर्न यथोचित बजेट विनियोजन गरेको छु।

९०. संघीय सरकार स्थानीय तह एवं सरोकारवालाहरुसँगको समन्वय र साझेदारीमा "पूर्ण सुरक्षित मातृत्व प्रदेश" , पूर्ण खोप युक्त प्रदेश", "कुपोषण मुक्त प्रदेश" बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

९१. स्वास्थ्य सेवालाई जनस्तर सम्म पुर्याउन "स्वास्थ्य सुधार कार्यक्रम" को रुपमा पालिकाहरुसंगको समन्वय र सहकार्यमा उपलब्ध स्रोत साधनले भ्याएसम्म प्राथमिक स्वास्थ्यकेन्द्रहरु (PHC) मा कम्तिमा एक जना एम. बी.बी.एस. चिकित्सकको सेवा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

९२. विपन्न तथा आर्थिक अवस्थाका कारण अस्पताल सम्म पुग्न नसक्ने प्रदेशका गरीब नागरिकहरुलाई अस्पताल सम्म ल्याई उपचार सुविधा उपलव्ध गराउने नीति अङ्गीकार गरिने छ । गरीब नागरिक द्वारा आफनो स्वास्थ्य उपचारमा गरिने खर्चलाई न्यूनीकरण गर्न यथोचित बजेट विनियोजन गरेको छु ।

९३. ज्येष्ठ नागरिकलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन सरकारी अस्पतालहरुमा विरामी दर्ता गर्दा शुल्क नलाग्ने तथा प्रदेश तथा स्थानीय तहका ल्यावहरुमा निः शुल्क परीक्षण गर्न रु. ५ करोड विनियोजन गरेको छु ।

९४. ज्येष्ठ नारगिकहरुलाई सर्वसुलभ रुपमा निमोनिया रोग विरुद्धको खोपलाई सुनिश्चित गर्न संघीय सरकारसँग पहल कदमी लिनेछु।

९५. प्रदेशमा संचालित वृद्धा आश्रम, बालगृह, मानवसेवा आश्रममा आश्रित व्यक्तिहरुको स्वास्थ्य परीक्षण र उपचारको लागि घुम्ती स्वास्थ्य सेवा संचालन रु.५ करोड विनियोजन गरेको छु।

९६. मधेश प्रदेश सरकारले ६० वर्ष माथिको नागरिकलाई आँखा, दाँत र कानको फ्री चेकअप गरिने व्यवस्था मिलाएको छु।

९७. मुख्यमन्त्री स्वास्थ्य घर दैलो कार्यक्रम अन्तर्गत प्रदेशका प्रत्येक नागरिकहरुको विस्तृत स्वास्थ्य प्रोफाइल तयार गर्न स्थानीयतहसँगको समन्वयमा आगामी आर्थिक वर्ष देखि प्रत्येक स्थानीय तहहरुमा कार्यक्रमको शुरुवात गरिनेछ। यस कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरी क्रमशः प्रदेश भरीका सबै स्थानीय तहहरुमा लागु गरिनेछ। यसका लागि स्थानीय तहलाई एकमुष्ट अनुदान पठाउने व्यवस्था मिलाएको छु।

९८. विभिन्न नसर्ने रोगहरुको प्रकोप व्यापक रहेकोले त्यस्ता रोगहरुको न्यूनीकरण गर्न हेल्थ पार्क (Open GYM) को कार्यक्रम शुरुवात गरिनेछ। यसका लागि रु. ५ करोड विनियोजन गरेको छु।

९९. प्रदेशको स्वास्थ्य सेवालाई भरपर्दो र विश्वसनीय बनाउन सिरहा जिल्लाको प्रादेशिक अस्पताललाई १५० सैयाको रुपमा स्तरोन्नती गरिने छ। लहान, जलेश्वर, मलगंवा, गौर र कलैया स्थित प्रादेशिक अस्पतालाई १०० सैयाको रुपमा स्तरोन्नती गर्न आगामी आर्थिक वर्षमा गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि भौतिक पूर्वाधार र जनशक्तिको उपलब्धता सुनिश्चित गर्न ३० करोड विनियोजन गरेको छु।

१००. प्रदेश स्तरमा बाल अस्पताल स्थापना तथा सञ्चालनका लागि संघीय सरकारको समन्वय तथा सहकार्यमा निर्माणको शुरुवात गर्न रु. ५ करोड बजेट विनियोजन गरेकोछु ।

१०१. बारा जिल्लाको झिटकैयामा सरुवा रोग अस्पताल निर्माण गर्न रु. २ करोड विनियोजन गरेको छु।

१०२. क्यान्सर रोगको उपचारका लागि प्रदेशमा क्यान्सर अस्पताललाई थप सुदृढिकरणका लागि रु.१० करोड विनियोजन गरेको छु।

१०३. मधेश प्रदेशमा रहेको महोत्तरीको जलेश्वर अस्पताललाई महिलाहरुमा हुने बाँझोपन निसन्तानको समस्या सामाधानको लागि IVF Center को रुपमा विकास गर्न विशेषज्ञ डा. र आधुनिक यन्त्र उपकरणको व्यवस्था मिलाउन रु. १ करोड विनियोजन गरेको छु ।

१०४ . मानव अंग प्रत्यारोपण केन्द्र (Human Organ Transplant) सेन्टरको सहकार्य र समन्वयमा जनकपुरको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठमा मानव अंग प्रत्यारोपण सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०५. प्रादेशिक अस्पताल मलगंवालाई Burn Center समेतको सेवा विस्तार गर्न रु. १ करोड विनियोजन गरेको छु ।

१०६. प्रादेश आयुर्वेद तथा वैकलपिक चिकित्सालय सर्लाही, रौतहट र पर्सालाई स्तरोन्नती गरी १० सैयाको विशेषज्ञ सेवा सहितको अस्पताल सञ्चालन गर्न रु. २ करोड विनियोजन गरेको छु।

१०७. प्रदेश तथा स्थानीय तहको आयुर्वेद स्वास्थ्य संस्थामा चूर्ण औषधी उत्पादनको लागि मेशिन खरिद सहित व्यवसायिक उत्पादनको लागि रु. १ करोड विनियोंजन गरेको छु।

१०८. स्वस्थ्य जिवनका लागि आहार विहार र विचार परिवर्तन गराउने अभियान सहित प्रत्येक नागरिकहरुलाई योग गर्न उत्प्रेरित गर्दै पाँच प्रकारको जडिबुटी गाउँ घरबाटै उत्पादन गर्न प्रादेशिक आयुर्वेद अस्पतालबाट प्रत्येक घर पाँच योग र पाँच जडिबुटी अभियान सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०९. आयुर्वेदिक तथा परम्परागत चिकित्सा पद्धतीलाई विकास र विस्तार गर्न प्रादेशिक आयुर्वेद योग पञ्चकर्म अस्पताल तथा अनुसन्धान केन्द्र सर्लाहीको गंगापुरमा सञ्चालन गर्न रु. १ करोड विनयोजन गरेको छु।

११०. मधेश स्वास्थय विज्ञान प्रतिष्ठानमा चिकित्सा शिक्षाको अध्ययन अध्यापन कार्य प्रारम्भ भएको विदितैछ । यस प्रतिष्ठानलाई प्रादेशिक गौरवको आयोजनाको रुपमा विकसित गर्न गुरुयोजना बनाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। प्रतिष्ठानमा विशिष्टकृत सेवाहरु प्रदान गर्न (हृदय रोग, क्यान्सर, D.R.T.B जेरियाट्रिक तथा मानसिक रोगहरु उपचार केन्द्र) संस्थागत्त सुधार जनशक्तिको प्रबन्ध एवं आवश्यक पूर्वाधारहरुको निर्माण गर्न समग्रमा रु. १५ करोड विनियोजन गरेको छु।

१११. ६ वटा जिल्लामा रहेका प्रादेशिक अस्पतालहरुमा विशेषज्ञ सेवा संचालनमा ल्याउन Physiotherapy and Dialysis लगायतका सेवाहरु संचालन गरी १०० वेडको अस्पतालमा परिणत गरिनेछ र धनुषाको डुमरिया, पर्साको पोखरीया, सप्तरीको भारदह, सर्लाहीको बरहथबा अस्पतालहरुलाई ५० वेडमा स्तरोन्नती गर्न १० करोड रकम विनियोजन गरेको छु।

११२. मातृ तथा बाल मृत्यु दरलाई न्यून गर्न सुरक्षित प्रस्तुती सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर सेवा विस्तारको लागि रु. २५ करोड विनियोजन गरेको छु।

११३. प्रदेश जनस्वास्थ्य प्रयोगशाला मार्फत आठ वटै जिल्लामा रहेका विभिन्न स्वास्थ्य प्रयोगशालाहरुको सुदृढीकरण तथा गुणस्तर अभिवृद्धिको लागि पूर्वाधार निर्माण, थप जनशक्ति र उपकरणको व्यवस्थापन गर्न रु. २० करोड बजेट विनियोजन गरेको छु।

११४. ब्लड बैंक सेवालाई नयाँ प्रविधि सहित सुदृढीकरण तथा आधुनिकीकरण गरी सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११५. गुणस्तरीय स्वास्थ्य सेवामा हरेक वर्ग, जाति तथा समुदायको पहुँच सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८ प्रभावकारी रूपले कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११६. स्वास्थ्य सेवालाई थप बिस्तार गर्न आयुर्वेद, योग, होमियोप्याथी तथा अन्य बैकल्पिक उपचार पद्धतिको विस्तार गरिनेछ र सो को लागि चाहिने आवश्यक उपकरण तथा विशेषज्ञ सेवाको व्यवस्था गरिनेछ । प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरु मध्ये भौतिक पूर्वाधार रहेका जिल्लाहरुलाई १० वेडको अस्पतालमा स्तरोन्नती कार्यका लागि रु. ५ करोड विनियोजन गरेको छु।

११७. मोबाईल ट्रमा अस्पताल संचालनका लागि यथोचित बजेट विनियोजन गरेको छु ।

११८. मलेरीया, फाइलेरीया, कालाजार, क्षयरोग, कुष्ठरोग, डेंगु लगायतका रोगहरुको रोकथाम नियन्त्रण एवं निवारणका लागि आधुनिक प्रभावकारी कार्यक्रमहरु समुदाय स्तरसम्म सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

११९. समग्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि रु. ५ अर्व ४७ करोड ३४ लाख ७८ हजार बजेट विनियोजन गरेको छु।

१२०. दलितहरुको राजनैतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चित गर्नुको साथै दलितहरुको क्षमता अभिवृद्धि र आर्थिक उपार्जनका लागि समग्रमा दलित विकास समितिको लागि रु. १२ करोड विनियोजन गरेको छु।

१२१. प्रत्येक जिल्लाका १/१ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न राष्ट्रिय स्तरमा ख्याती प्राप्त विद्यालयहरुमा आवश्यकता अनुसार भौतिक तथा समाजिक पूर्वाधार निर्माण एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न यथोचित विनियोजन गरेको छु।

१२२. मधेश प्रदेश कृषि विश्वविद्यालयको आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि रु. ३० करोड विनियोजन गरेको छु।

१२३. प्रस्तावित बारा जिल्ला सिम्रौनगढ स्थित भेटेरिनरी कलेज तथा अनुसान्धान केन्द्र स्थापनाको लागि रु. २ विनियोजन गरेको छु।

१२४. मधेश विश्वविद्यालय अन्तर्गत सर्लाही जिल्लाको चक्रघट्टामा कन्या कलेज स्थापना गर्न रु. १ करोड विनियोजन गरेको छु।

१२५. उच्च कार्य सम्पादन गर्ने सामुदायिक क्याम्पसलाई विशेष

(बाँकी पृष्ठ ६ मा)

# आगामी आर्थिक बर्षका लागि.....

अनुदानको व्यवस्था गरेको छु।

१२६. नागरिकको गुणस्तरीय शिक्षाको हकलाई आत्मसात गर्दै प्रदेश भित्र रहेका विद्यालयहरुको भौतिक तथा अन्य पूर्वाधारहरुलाई क्रमिक रुपमा विकास गर्दै लगिनेछ। साथै विद्यालय शिक्षामा नविनतम सूचना प्रविधि तथा स्थानीय भाषाहरुको प्रयोग गरी टेली शिक्षा प्रणालीको शुरुवात गर्न रु. १० करोड विनियोजन गरेको छु।

१२७. मधेशको पहिचान, लोककला, साहित्य, संस्कृति, भाषा, भेषभुषालाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न मधेशको गौरव्मय इतिहास लेख्न कार्यको लागि रु. ३ करोड विनियोजन गरेको छु।

१२८. प्रदेशको आफ्नै डाटा बैंङ्क, भूमि बैङ्ग तथा प्रोजेक्ट बैङ्ग निमार्णको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२९. सामाजिक रुपान्तरण तथा लैङ्गिक सशक्तिकरणका लागि मुख्यमन्त्री “बेटी पढाउ, बेटि बचाउ” अभियान अन्तर्गत छोरी बीमा, छात्रवृत्ति, लोक सेवा आयोग तयारी कक्षा, समाजमा रहेका विभेदको अंतकोलागि विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिदै कक्षा ८ देखि १० सम्म अध्ययनरत् बालिकाहरुलाई मासिक रुपले निःशुल्क सेनेटरी प्याड वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३०. “मुख्यमन्त्री स्वच्छता अभियान” अन्तर्गत संचालित कार्यक्रमहरुलाई यसै आ.व. भित्र प्रथमिकतामा राखी सम्पन्न गर्ने र यस अभियानलाई अझ थप सवलीकरण एवं प्रभावकारी बनाउन पालिकाहरुसंग समन्वय गरी टोल टोल मा “फोहोर मलाई” भन्ने स्वच्छता अभियानलाई निरन्तरता दिन रु. ८ करोड विनियोजन गरेको छु।

१३१. “खेलेगा मधेश तो खिलेगा मधेश“ को नारालाई सार्थकता प्रदान गर्न प्रत्येक जिल्लामा प्रदेशस्तरीय खेलकुद रंगशाला निर्माण गरिने तथा २०८३ सालमा हुने ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता यसै प्रदेशमा संचालन हुने कार्यक्रम रहेकोले सो को लागि आवश्यक पूर्वाधारहरु निर्माण गर्न रु.२५ करोड विनियोजन गरेको छु।

१३२. डोम, मुसहर, चमार, दुसाध र हलखोर जातिका बाल बालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धि गर्न दलित शिक्षा अभियान अन्तर्गत प्रत्येक बाल बालिकाको खातामा रु. २ हजार का दरले शिक्षा बिजक रकम उपलब्ध गराउन रु. २ करोड ५० लाख विनियोजन गरेको छु।

१३३. मधेश प्रदेशको पिछडावर्गको हकहित संरक्षण एवं सशक्तिकरणकालागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ र संस्थागत संरचना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३४ . दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको उच्च शिक्षा (प्राविधिक सहित) मा पहुँच बृद्धि र निरन्तरताको लागि छात्रवृत्तिको व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१३५. अपांगता भएका बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धिका लागि अपांगताको प्रकृति अनुसार कम्तिमा एउटा विशेष विद्यालय वा सामुदायिक विद्यालयमा श्रोत कक्षाको स्थापना र विकास गरिनेछ।सांकेतिक भाषा तथा ब्रेललिपीका पाठ्यपुस्तक पढाउनका लागि आवश्यकतानुसार दक्ष शिक्षकको व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१३६. घर परिवार र आफन्तविहिन भई सडक आश्रित बनेका, आफ्नो लागि आफै केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरि दिने समेत कोही नभएका अनाथ, अपाङ्ग, अशक्त, असहाय मानवहरुको मानवोचित व्यवस्थापन गर्न प्रदेश सरकारले अभिभावकत्त्व ग्रहण गर्न रु. १ करोड विनियोजन गरेको छु।

१३७. मधेश प्रदेशका प्रायः महिलाहरू भान्साको काममा खटिनुपर्ने अवस्था भएको तर गरिब परिबारको भान्सामा ईन्धनको लागि गोवरबाट बन्ने गुँईठा, गोर्हा प्रयोग हुने र महिलाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भएकोले प्रदेश भित्रका गुँईठा, गोर्हा प्रयोग गर्ने गरिब, दलित तथा अति सिमान्तकृत परिवारका लागि “धुवाँमुक्त भान्सा अभियान” अन्तर्गत प्रदेश सरकारको समन्वय र सहयोगमा स्थानीय तह मार्फत सुधारिएको चुल्हो वितरण गरिनेछ भने विधुत्तिय पूर्वाधार भएको स्थानहरुमा अति विपिन्न परिवारहरुका लागि “एक परिवार, एक विद्युतीय चुल्हो” कार्यक्रम सञ्चालन गर्न रु. १२ करोड विनियोजन गरेको छु।

१३८. महिलाहरुलाई सशक्तिकरण, सबलीकरण गरी मूलप्रावहीकरणमा ल्याउन र महिलाहरुलाई आर्थिक, सामाजिक, न्यायिक एवम् आवश्यक सहायता प्रदान गर्न तथा पूर्नःस्थापना केन्द्र स्थापना गर्न १ करोड विनियोजन गरेको छु।

१३९. थारु, आदिवासी, जनजाति, मुस्लिम र अपाङ्गता भएका व्यक्ति, दलित, गरिब, अतिसिमान्तिकृत, पछाडि परेको पारिएको वर्ग लगायतको हकहित संरक्षण तथा सशक्तिकरणको लागि सीप, कला, क्षमता विकास गर्ने र प्रतिभा भएका तर लुकेर बसेका प्रतिभाहरुलाई प्रोत्साहन गर्न रु. १५ करोड विनियोजन गरेको छु।

१४०. विद्यालय, अस्पताल लगायतका सार्वजनिक स्थान, दलित बस्तिहरुमा शुद्ध खानेपानीबाट बञ्चित समूहलाई स्वच्छ जल स्वस्थ्य जीवन अन्तर्गत Water ATM को लागि रु. २० करोड विनियोजन गरेको छु।

१४१. ५० वटा ठूला खानेपानी योजनालाई यसै वर्ष सञ्चालन गरी शुद्ध खानेपानी पिउने व्यवस्था गर्न यथोचित बजेट विनियोजन गरेको छु।

१४२. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिईनेछ र “राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२” कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन खानेपानी कार्यालयहरुमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गर्न यथोचित बजेट विनियोजन गरेको छु।

१४३. वैकल्पिक उर्जा प्रवर्द्धन मार्फत उज्यालो प्रदेश कार्यक्रमको लागि रु. २५ करोड विनियोजन गरेको छु।

१४४. “जहाँ सडक, त्यहाँ विकास” को नारालाई सार्थकता प्रदान गर्न विभिन्न जिल्लाहरुमा विस्तृत संभाव्यता अधययन गरी प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग र स्थानीय सडकहरुको पहिचान गरी सडक तथा पुलहरुको विस्तृत प्रदेश यातायात गुरु योजना (विस्तृत इन्भेन्ट्री रिपोर्ट) तयार गरिनेछ। प्रदेश सरकारबाट तथा संघीय सरकारबाट निर्मित तथा स्तरोन्नती भएका सडकहरुलाई नियमित, आवधिक तथा अति आवश्यक भएमा आकस्मिक मर्मत गर्न यथोचित बजेट विनियोजन गरेको छु। साथै सडक सञ्जालहरुको सूचना मुलक आधुनिक प्रविधियुक्त ट्राफिक साइनबोर्ड जडान गर्ने व्यवस्था मिलाएको छु यसको लागि यथोचित बजेट विनियोजन गरेको छु।

१४५. सवारी चालक अनुमती पत्र प्राप्त गर्नमा प्रदेशका नागरिकहरुले भोगिरहेको कठिनाईलाई हृदयांगम गरी आगामी आर्थिक वर्ष देखि सवारी चालक अनुमतिपत्र स्मार्ट कार्डको छपाई कार्य प्रदेश भित्रै शुरु गरी चालक अनुमती पत्रको सहज आपूर्तीको व्यवस्था गर्न रु. ३० करोड विनियोजन गरेको छु।

१४६. यातायात व्यवस्था कार्यालय (सवारी) वीरगंज र यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमती पत्र), वीरंगज लाई एकीकरण गरी यातायात व्यवस्था कार्यालय, वीरगंज कायम गरिनेछ।साथै पथलैयाँबाट सवारी साधनको रुट परमिट दिने व्यवस्था मिलाएको छु।

१४७. यातायात व्यवस्था कार्यालय बारा जिल्लाको कलैयाँमा र सर्लाही जिल्लाको मलगंवामा स्थापना गरिनेछ। साथै हाल सञ्चालनमा रहेको यातायात व्यवस्था सेवा कार्यालयहरुलाई यातायात व्यवस्था कार्यालयमा स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु।

१४८. मधेश प्रदेशमा विद्युतीय सार्वजनिक सवारी साधन सञ्चालनका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरी सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१४९. हाम्रो प्रदेशको अर्थतन्त्र विप्रेषण (रेमिट्यान्स) मा आधारित रहेको विदितै छ। वैदेशिक रोजगारमा जाने अधिकांश जनशक्तिहरु दक्ष नरहेको कारणले वैदेशिक रोजगारमा जान कठिनाई हुने गरेको र वैदेशिक रोजगारमा गए पनि कम पारिश्रमिकमा अधिक परिश्रम गर्नु पर्ने बाध्यतालाई मनन गरी वैदेशिक रोजगारमा जाने जनशक्तिहरुलाई विभिन्न किसिमको सिप मूलक तालिमहरु प्रदान गरी योग्य र दक्ष जनशक्ति तयार गर्नका निम्ति विभिन्न किसिमको सिप मूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्न रु. ३ करोड विनियोजन गरेको छु।

१५०. वैदेशिक रोजगारबाट फर्केका युवाहरुसँग भएको ज्ञान, सिप र पूँजीलाई उच्चतम उपयोग गरी वहाँहरुलाई स्वदेशमै टिकाइ राख्नको लागि स्वरोजगार गर्ने वातावरणको निर्माण गरिनेछ। यसका लागि आवश्यक सिप विकास, प्राविधिक सहयोग र अनुदान मार्फत रोजगारी सृजना गर्ने नीति लिएको छु। यो कार्यको लागि निजी क्षेत्र र वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाएको छु। यसको लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु।

१५१. “एक परिवार एक रोजगार“ को नारालाई दृष्टिगत गरी मधेशका युवाहरुको लागि रोजगार सृजना तथा नविन उद्यशिलता विकास गर्न मधेश स्वरोजगार कार्यक्रम ल्याएको छुायो कार्यक्रम सञ्चालन गर्न स्टार्टअप र सहुलियत पूर्ण ऋण सहितको कार्यक्रम सञ्चालनको लागि रु. १० करोड विनियोजन गरेको छु।

१५२. वैदेशिक रोजगारमा जाने र फर्कने नागरिकहरुको तथ्याङ्क संकलन विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाएको छु।

१५३. प्रादेशिक सडक निर्माणको लागि “एक निर्वाचन क्षेत्र एक सडक” कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा ५/५ कि.मि. सडकहरु कालोपत्रे गरिने कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याउन बजेटको कमी हुन दिइने छैन।

१५४. संघीय सरकारबाट हस्तान्तरण गरिएका योजनाहरु सम्पन्न गर्नको लागि संघीय सरकारबाट आवश्यक बजेट विनियोजन गर्न पहल गरी समयमा नै प्रदेश सरकारबाट योजना सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१५५. पालिका केन्द्रहरुलाई प्रदेश राजधानीसँग पक्की सडक सञ्जाल मार्फत जोडनको लागि “प्रादेशिक एवं स्थानीय सडक सुधार कार्यक्रम” सञ्चालन गर्न रु. २ अर्व विनियोजन गरेको छु।

१५६. पर्सा देखि सप्तरी जिल्ला सम्मको “मधेश शहिद लोकमार्ग” को निर्माण कार्यलाई आगाडी बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१५७. प्रदेश सरकारद्‌बारा निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री, अपाङ्गमैत्री र बालमैत्री बनाउने व्यवस्था मिलाएको छु।

१५८. प्रथम चरणमा जनता आवास कार्यक्रम अन्तर्गत सञ्चालित डोम, मुसहर, मेस्तर र हलखोरको आबास निर्माण कार्यलाई निरन्तरता दिदै क्रमशः अन्य अति विपन्न, सुकुमवासी, दलित तथा लोपोन्मुख समुदायसम्म पुर्याईनेछ। साथै संचालनमा रहेका स्व. महेन्द्र नारायण निधि आवास कार्यक्रमलाई निरन्तरता दिन यथोचित बजेट विनियोजन गरेको छु।

१५९. प्रत्येक जिल्ला सदरमुकाममा सञ्चालित दलित छात्रावास र जेष्ठ नागरिक आवास कार्यक्रमलाई सम्पन्न गरी क्रमशः स्थानीय तहसम्म विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१६०. अस्वाभाविक मूल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण गर्न संघीय सरकार र पालिकाहरु र उपभोक्ता हित संरक्षण मञ्जको समन्वय र सहकार्यमा नियमित अनुगमन गरी उपभोक्ता हक अधिकारको संरक्षणको व्यवस्था मिलाएको छु।

१६१. सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि प्रहरी, स्थानीय तह तथा विद्यालयहरु सँग सहकार्य गरिनेछ। बालबालिकाहरुलाई आफ्नो आत्मरक्षाको लागि कभी मभाभलकभ तचबष्लष्लन को व्यवस्था गर्न रु. ८० लाख विनियोजन गरेको छु।

१६२. संघ, प्रदेश तथा स्थानीय तह एवं अन्य सरोकारवालाहरुको समन्वयमा लागू औषध ओसार पसार तथा दुर्व्यसन रोकथाम तथा नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी बनाई स्वस्थ्य, सभ्य र सुरक्षित समाज निर्माण गरिनेछ । साथै प्रदेश स्तरीय पुनःस्थापना केन्द्र स्थापना गरी सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१६३. विपद् जोखिम न्यूनिकरणका लागि पूर्व तयारी, खोज तथा उद्धार, राहत, पुर्नस्थापना, पुननिर्माण लगायतका चक्रीय कार्यक्रमलाई सरोकारवालाहरुसँग समन्वय गरी कार्यान्वयन गर्न र प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१६४. प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुबाट उत्पादन हुने विज्ञापन/सूचनाहरुलाई व्यवस्थित गर्न मधेश प्रदेशकै सञ्चार माध्यमहरुबाट प्रकाशन एवं प्रसारण गरिने नीतिलाई निरन्तरता दिदैं एकद्‌बार सूचना प्रणाली अवलम्वन गरिनेछ । सामुदायिक रेडियोहरुको सञ्चालन तथा सुदृढिकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१६५. नागरिक सशक्तिकरणको सशक्त सम्वाहकको रुपमा भुमिका निर्वाह गर्ने पत्रकारिता क्षेत्रको उत्थानको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रवृत्ति तथा महिला पत्रकारहरुको लागी विशेष सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। मधेश प्रदेशमा रहेको संचार माध्यम र सामुदायिक रेडियोको सवलिकरण र संस्थागत विकासका लागि प्रदेश सरकारले आवश्यक कार्यक्रम ल्याउने व्यवस्था मिलाएको छु।

१६६. मधेश आन्दोलन, मधेश जनविद्रोह लगायतका आन्दोलनका शहिद तथा पीडित परिवारको सम्मान, आर्थिक सहायता, भरणपोषण, छात्रवृत्ति, रोजगारमुलक तालिम लगायतका कार्यक्रमलाई विभिन्न सरोकारवालाहरुको समन्वय र सहकार्यमा थप प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु।

१६७. मधेश सहिद संग्रहालय सिरहाको लहानमा र जनयुद्ध संग्रहालय निर्माण गर्न रु. ३ करोड बजेट विनियोजन गरेको छु।

१६८. मधेश प्रदेश सरकारका सबै मन्त्रालय तथा आयोगहरुले आन्तरिक नियन्त्रण प्रणाली र वित्तीय जोखिम मूल्याङ्कन प्रणालीलाई संस्थागत गरी वेरुजु न्यूनिकरण गर्दै सुशासन प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१६९. संविधान वमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकार र जिम्मवारीहरुको आधारमा प्रदेशबाट गरिनुपर्ने तर हाल पहल नभएका विषयहरुको बारेमा अधययन गरि छुटिरहेका विषयका सन्दर्भमा चाल्नुपर्ने नीतिगत, संरचनागत र प्रक्रियागत उपायहरुको वारेमा विज्ञहरु वाट अध्ययन गराई प्राप्त सुझावलाई कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

१७०. प्रदेशको विकासमा हातोमालो गरी सहयोग गर्ने संघ संस्थाहरुलाई कदर गरिनेछ । यस्ता विकासका साझेदाहरुसँग समन्वय र सहकार्य गरी प्रदेशको प्राथमिकता अनुसार विकासको क्षेत्रमा सेवा गर्ने अवसर प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

१७१. पोषण मैत्री स्थानीय शासनका लागि सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिने नीति अनुरुप दिवा खाजामा जंक फुड दिन नपाइने र स्थानीय तथा रैथाने कृषि उपजबाट तयार पौष्टिक आहार उपलब्ध संघीय सरकारबाट भै रहेकोमा प्रदेश सरकारबाट पनि आवश्यक सहकार्य गर्ने बन्दोबस्त मिलाएको छु।

१७२. मन्त्रालयहरुबाट प्रदान गरिने अनुदानहरुलाई अझ बढी पारदर्शी एवं प्रभावकारी बनाउन आवश्यक कानून बनाई अनुदानलाई व्यवस्थित बनाउने व्यवस्था मिलाएको छु।

१७३. न्यायमा सबैको समान पहुँचको लागि प्रदेशका विपन्न नागरिकहरुलाई निःशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यक्रमलाई निरन्तरताको व्यवस्था मिलाएको छु।

१७४. संवैधानिक अधिकारको प्राप्तिका विषयहरुमा सम्बन्धित पक्षहरुसँग छलफल परामर्शको माध्यमबाट कार्य योजना तयार गरी कार्यान्वयनको लागि पहल गर्ने व्यवस्था मिलाएको छु ।

१७५. स्थानीय सरकारको समन्वयमा मधेश प्रदेशको सबै जिल्लाहरुमा मुक्त हरवाचरवाको तथ्याङ्क संकलन गरी प्रमाणिकरण र परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाएको छु ।

१७६. संसदीय विकास कोषलाई निरन्तरता दिन रु. २ अर्व ३५ करोड विनियोजन गरेको छु।

१७७. उद्योग धन्दा स्थापना गर्न प्रदेश सरकारद्वारा उद्योगी व्यवसायीलाई लिजमा जग्गा उपलब्ध गराउन आवश्यक पहल कदमी लिएको छु।

१७८. अधिकार प्राप्तीको आन्दोलनमा साहदत प्राप्त गरेका वीर शहिदको परिवारलाई दिदै आएको सहयोगलाई मधेशी शहीद प्रतिष्ठान मार्फत निरन्तरता दिईनेछ । आन्दोलनमा घाईते वा वेपता भएका शहीद परिवारलाई पहिचान पत्र दिईने व्यवस्था मिलाएको छु ।

१७९. विभिन्न मन्त्रालय अन्तर्गत संचालित अधुरो अपुरो योजनाहरुलाई आ.व. २०८०/०८१ भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु।

१८०. “सिँचाई मे लगानी किसान के खुशहाली“ नारालाई सार्थक बनाउन डिप ट्युबेल, स्यालो ट्यूबेल, साना तथा मझौला सिँचाई आयोजनाहरु निर्माण तथा सञ्चालन गर्न रु. १ अर्व २० करोड बजेट विनियोजन गरेको छु।

१८१. प्रदेश निजामती किताबखानालाई थप प्रभावकारी बनाइ निजामती कर्मचारीहरुको अभिलेखलाई व्यवस्थित गर्न यथोचित बजेट विनियोजन गरेको छु।

१८२. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिभैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रिया सरलीकृत गर्ने, सेवाको समय र लागत घटाइनेछ। सूचना प्रविधिको विकास र विस्तार गरि सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१८३. कर्मचारीहरुको क्षमता अभिबृद्धि र जनप्रतिनिधिहरुको अभिमुखीकरण र विभिन्न नीतिगत विषयहरुमा अध्ययन अनुसन्धान गर्न गठित प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सञ्चालन, भौतिक संरचना निर्माण, मर्मत सम्हार र आधुनिकीकरण गर्न रु. २८ करोड बजेट विनियोजन गरेको छु।

१८४. नेपाल सरकारबाट सुनिश्चित गरेको तलवमान र भत्ता लाई प्रदेश सरकारका निजामती कर्मचारीहरुमा समेत लागु हुने गरी बजेट व्यवस्था मिलाएको छु। साथै आन्तरिक पर्यटन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु।

१८५. मधेश प्रदेश सरकार मातहतका निजामती कर्मचारीहरुको लागि रु. १० लाखको दुर्घटना विमा गर्ने व्यवस्था मिलाएको छु।

१८६. मधेश प्रदेशका आम जनतालाई विपद् जोखिमबाट राहत दिन प्रदेशका प्रत्येक नागरिकहरुको रु. २ लाख बराबरको विपद् जोखिम विमा गर्ने व्यवस्था मिलाएको छु।

१८७. प्रदेशको विकासमा योगदान गर्न चाहने इच्छुक व्यक्तिहरुलाई बिकासको विभिन्न क्षेत्रमा स्वयंसेवीको भावनाले सहभागी गराउन प्रदेश विकास स्वयंसेवक कार्यक्रम कार्यान्वयन कार्यविधि तर्जुमा गरिनेछ।

१८८. अगामी आ.व.को प्रारम्भ देखि नै प्रदेश सरकारको प्रशासनिक भवन, प्रदेश सभा भवन, प्रदेश सभा सचिवालय भवन, मन्त्री निवास, प्रदेश सभाको पदाधिकारी र सदस्यहरुको निवास र कर्मचारीहरुको निवास भवन निर्माण कार्यको सुरुवात गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१८९. बजेट अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना मार्फत बजेटलाई अनुमानयोग्य बनाइनेछ। आयोजनाको पहिचान, प्राथमिकिकरण र प्रतिफल सुनिश्चित हुने गरी आयोजना बैंकमा प्रविष्टि गरि रकम विनियोजन गरिनेछ। प्रदेश सरकारद्धारा प्रदान गरिने अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुदान कार्यविधि बनाई लागु गरिनेछ।

१९०. प्रदेशको राजश्व संकलनमा महत्वपूर्ण योगदान पुर्याउने उद्योग व्यवसाय तथा निकायहरुको अनुगमन प्रणाली व्यवस्थित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु। स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा प्राप्त हुने राजश्व समयमै दाखिला गराउन आवश्यक अध्ययन अनुगमन गरिनेछ।

१९१. प्रदेश सार्वजनिक खरिद ऐन, सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानून, रोजगार व्यवसाय सम्बन्धी कानून, प्रदेश पर्यटन प्रबर्द्धन सम्बन्धी कानून आगामी आर्थिक वर्षमा लागु गर्न आवश्यक पहल गर्नेछु।

१९२. मधेश प्रदेशको आफ्नै वित्तीय संस्था खोल्न आवश्यक पूर्वाधार, अध्ययन अनुसन्धान तथा कानूनी संरचना तयार गर्न रु. १० करोड विनयोजन गरेको छु।

१९३. प्रदेश सरकारले आफ्नै मन्त्रालयगत बजेट सूचना प्रणाली, यातायात व्यवस्था सवारी सम्बन्धी सफ्टवेयर र सवारी दर्ता र अनुमती पत्र सम्बन्धी सूचना प्रणाली र भुक्तानी पोर्टल यसै आर्थिक वर्षमा निर्माण गरिनेछ।

१९४. हुलाकी राजमार्ग, राष्ट्रपति चुरे संरक्षण आयोजना, राजविराज देखि वीरगंज सम्मको रेलमार्ग डिपिआर अध्ययन, दोस्रो अन्तर र्ाष्ट्रिय विमानस्थल निजगढ, जगनगर बर्दिबास रेलमार्ग, सिमरा विशेष आर्थिक क्षेत्र, सप्तकोशी कमला डाइभर्सन, सुनकोशी मरिन डाइभर्सन जस्ता राष्ट्रिय गौरवका आयोजनाहरुको सहज कार्यान्वयनका लागि प्रदेश सरकारले संघीय सरकारलाई आवश्यक सहयोगको वातावरण निर्माण गरी समयमा आयोजना सम्पन्न गर्न आवश्यक पहल गर्ने छु।

१९५. विभिन्न समयमा गठन भएका प्रदेशका प्रशासनिक संरचनालाई वर्तमान समय परिवेश अनुसार पुनःसंरचना गर्न सिफारिस गर्नका लागि गठित संगठन तथा संरचना अद्यावधिक कार्यदलको प्रतिवेदनलाई आधार मानी संरचना खारेजी तथा गाभी र आवश्यकता अनुसार विस्तार समेत गरि मौजुदा प्रदेश सरकारको प्रशासनिक संरचनालाई छोटो, छरितो बनाइ सेवा प्रवाहलाई सरल, सहज र मितव्ययी बनाइ साधारण खर्चमा कम गरी पूँजीगत खर्च बढाई उत्पादन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिएको छु।

१९६. संघीय सरकार मातहतका प्रदेश प्रहरी, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला स्थित अन्य प्रशासनिक निकायहरु र विकास आयोजनाहरु प्रदेश सरकार मातहत आइ नसकेकोले प्रदेश सरकारले तय गरेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा कठिनाई देखिएको सन्दर्भमा प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेका सम्पूर्ण संघीय निकायहरुलाई यथाशिघ्र चाँडै आफ्नो मातहतमा ल्याउन सर्वदलीय संयन्त्र मार्फत संघीय सरकारसँग विशेष पहल गर्ने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब म माथिका क्षेत्रगत निति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९७. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. २२ अर्व ११ करोड ४६ लाख ३२ हजार बजेट विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ १८ अर्व २१ करोड ७६ लाख १४ हजार अर्थात ४१.३० प्रतिशत, पूँजीगत तर्फ रु. २५ अर्व ६९ करोड ७० लाख १८ हजार अर्थात ५८.२५ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु. २० करोड अर्थात ०.४५ प्रतिशत रहेको छ।

१९८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक स्रोतको राजश्वबाट रु. ४ अर्व ३७ करोड ८१ लाख २ हजार, नेपाल सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त रु. ११ अर्व ३८ करोड १९ लाख र समानीकरण वापत प्राप्त अनुदान रु. ७ अर्व ४१ करोड ५० लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नगद मौज्दात रु. १२ अर्व ९० करोड ११ लाख, विशेष अनुदान ४९ करोड, समपुरक अनुदान ९८करोड, संघीय सरकारबाट सशर्त योजनाका लागि प्राप्त अनुदान रु. ४ अर्व ५६ करोड ८५ लाख गरी जम्मा रु. ४४ अर्व ११ करोड ४६ लाख ३२ हजार व्यहोर्दा रु. २ अर्व न्यून हुने देखिन्छ। सो न्यून पूर्ती गर्न आगामी आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९९. राजश्व प्रशासन महाशाखा सुदृढीकरण गरी कर तथा गैर कर चुहावट न्यूनीकरण गरिने गर्ने व्यवस्था मिलाएको छु।

२००. प्रदेशको राजश्व अभिबृद्धिको लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरुलाई प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु।

२०१. सवारी तथा यातायात व्यवस्था ऐन बमोजिम ट्राफिक प्रहरीले उठाउने जरिवाना वापतको रकम आगामी आर्थिक वर्ष देखि प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि संघीय सरकारसँग समन्वय गर्ने व्यवस्था मिलाएको छु।

२०१. सवारी साधन कर तिर्ने करदाताहरुलाई सरल र सहज ढगंले सेवा प्रदान गर्न र राजश्व संकलनलाई थप प्रभावकारी बनाउन यातायात क्षेत्रको प्रक्रिया सरलीकरण, प्रविधिको विस्तार गरी प्रदेशको ८ वटै जिल्लामा यातायात व्यवस्था कार्यालयको स्थापना गरी प्रभावकारी रुपमा सेवा सञ्चालन तथा विस्तार गरिनेछ।

२०३. सवारी साधन कर तर्फ आगामी आर्थिक वर्षमा कानूनले निर्धारण गरेको तौल भन्दा अधिक तौल ढुवानी गर्ने सवारी साधनलाई थप जरिवाना गर्ने व्यवस्था मिलाएको छु।

२०४. सामुदायिक विद्यालयको आफ्नो नाममा रहेको विद्यार्थी ओसार्न प्रयोग गरिने बस तथा मिनिबस, माइक्रोबसहरुमा लाग्ने सवारी साधन करमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२०५. सवारी साधन कर तथा घर जग्गा रजिष्ट्रेशन दस्तुर लगायतका प्रदेश तथा स्थानीय तहाबाट बाँडफाँड हुने राजश्वलाई स्थानीय तहसँग समन्वय गरी मासिक रुपमा राजश्व बाँडफाँड हुने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

२०६. आर्थिक वर्ष २०७८/०७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९/०८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

२०७. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग र समन्यायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक बृद्धि हुने अपेक्षा गरेको छु। सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिबृद्धि भई सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास लिएकोछु।

२०८. सरकार स्थापना भएको छोटो समयमा प्रदेशको सिमित साधन स्रोतका बाबजुद पनि मधेश प्रदेश सरकारको इतिहासमा नै पहिलो पटक आर्थिक वर्ष २०७९/०८० को आर्थिक सर्वेक्षण प्रतिवेदन तयार गरी यस गरिमामय प्रदेश सभामा प्रस्तुत गरेको विदितै छ। यस आर्थिक वर्षको बजेटलाई अझ बढी याथार्थपरक, भरपर्दो एवम् परिणामुखी बनाउन प्रयास गरेको छु।

२०९. देशमा चुलिएको आर्थिक संकटका कारण जनतामा परेमा सबै समस्याहरु बारे प्रदेश सरकार जानकार छ र प्रदेशको समग्र विकासका सन्दर्भमा अत्यन्त संवेदनशिल छ। प्रदेश सरकारले प्रभावकारी रुपमा कार्य सञ्चाल गरी जन अपेक्षाको सम्बोधन गर्नका लागि आवश्यक पर्ने नीतिगत, कानूनी, संस्थागत एवम् व्यवस्थापकीय प्रबन्धहरु गरी जन अपेक्षा अनुरुप परिवर्तनको अनुभूती हुने गरी वृहत प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

२१०. प्रस्तुत बजेटमा उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आगामी आर्थिक वर्षमा छ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अपेक्षा राखेको छु।

अन्त्यमा, सम्पन्न नागरिक समृद्ध मधेश ध्येयका साथ ल्याइएका यस बजेट तर्जुमाको क्रममा दिशानिर्देश गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुख/उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्नु हुने राजनैतीक दलहरु, अर्थ विद्, विभिन्न क्षेत्रका विषय विज्ञहरु राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर आवासिय नेपाली नागरिकहरु,विकास साझेदार राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरु र आम नागरिकहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दुछु।

साथै प्रस्तुत बजेटको सफल कार्यान्वयनबाट प्रादेशिक हित, एकता र स्वाभिमानमा अभिवृद्धि भई संघीयता संस्थागत हुनमा सघाउ पुग्ने र प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास लिएको छु।

***धन्यवाद।***

# अर्थतन्त्रको समस्या समाधान गर्न लगानी वृद्धि अपरिहार्य : नवनियुक्त मुख्य सचिव डा अर्याल

काठमाण्डु । मुख्य सचिव डा बैकुण्ठ अर्यालले अर्थतन्त्रको समस्या समाधानका लागि लगानी वृद्धि गर्नु अपरिहार्य रहेको बताउनुभएको छ । उहाँले पूँजीगत खर्च बढाउन आवश्यक रहेको उल्लेख गर्दै त्यसलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो। उत्पादनमा आधारित भए मात्र अर्थतन्त्र अगाडि बढ्न सक्ने स्पष्ट पार्दै उहाँले आर्थिक विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्न सरकार तयार रहेको उल्लेख गर्नुभयो।

नेपाल उद्योग परिसङ्घले आज नवनियुक्त मुख्य सचिव डा अर्यालको कार्यकक्षमा भेट गरी बधाई तथा शुभकामना दिँदै विद्यमान अर्थतन्त्रका विषयमा छलफल गरेको हो । परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले अर्थ, उद्योग, वाणिज्य क्षेत्र बुझ्ेको व्यक्ति मुख्य सचिव हुनुभएकोमा खुसी व्यक्त गर्नुहुँदै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। अर्थतन्त्रको वर्तमान अवस्था चुनौतीपूर्ण रहेकाले लगानी बढाएर मात्र अर्थतन्त्रलाई चलयमान बनाउन सकिनेमा उहाँले जोड दिनुभयो । सरकारले आगामी आर्थिक वर्षको बजेटको प्रभावकारी कार्यान्वयनका लागि बजेट कार्यान्वयन अनुगमन समिति बनाउने घोषणा गरेको छ । यसको स्वागत गर्दै अध्यक्ष अग्रवालले उक्त समितिमा परिसङ्घको प्रतिनिधित्व गराउन आग्रह गर्नुभयो ।

परिसङ्घले अर्थतन्त्रलाई पुनःगति प्रदान गर्न वित्तीय क्षेत्र, औद्योगिक प्रवर्द्धन, पूर्वाधार, पर्यटन, ऊर्जा र सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राख्दै तत्काल गर्न सकिने उपायसमेत सुझाएको छ । रासस

# वीरगञ्ज महानगरका १० स्थानमा फ्री वाइफाई सेवा सुरु

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकालेमहानगरभित्रका विभिन्न सार्वजनिकस्थल एवं भीडभाड हुने सरकारी कार्यालय क्षेत्रमा निःशुल्क इन्टरनेट वाइफाई (फ्री वाईफाई) सेवा सुरु गरेको छ । पहिलो चरणमा महानगरका विभिन्न १० स्थानमा फ्रि वाईफाई सेवा उपलब्ध गराइएको हो ।

महानगरले इन्टरनेट सेवा प्रदायक कम्पनी वर्ल्डलिङ्कसँगको सहकार्यमा घण्टाघर चोक, माइस्थान चोक, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला अदालत, यातायात, नारायणी अस्पताल, विद्युत प्राधिकरण, भन्सार कार्यालय र महानगर कार्यालय क्षेत्रमा फ्री वाईफाई सेवा सुरु गरेको छ ।

महानगरप्रमुख राजेशमान सिंहले आज औपचारिक कार्यक्रम गरी फ्रि वाईफाई सेवाको सुरुआत गर्नुभयो । उहाँले महानगरवासीलाई समयानुकूल प्रविधिमैत्री सेवा विस्तार गरी वीरगञ्जलाई डिजिटल सहरका रूपमा अघि बढाउन यस्तो सेवा सुरु गरिएको बताउनुभयो ।

महानगरलाई आईटी हब बनाउने आफ्नो घोषित नीति नै रहेकाले त्यसलाई कार्यान्वयन गर्न आफू लागि परेको पनि उहाँले बताउनुभयो ।

हाललाई हरेक स्थानमा दुई एमबीपीएस क्षमताको इन्टरनेट सुरु गरिएको र प्रयोगकर्ताको चापको आधारमा यसलाई बढाउँदै लगिने महानगरले जनाएको छ । आफूहरुले चुस्त सेवा दिने गरी महानगरसँग तीन वर्षका लागि सम्झौता गरेको वर्ल्डलिङ्क कम्युनिकेसन्स लिमिटेड वीरगञ्ज शाखाका शाखा प्रबन्धक अरफात देवानले जानकारी दिनुभयो । रासस

# नसच्चिए भारतीय चलचित्र रोकौँ : महानगर प्रमुख बालेन्द्र शाह

काठमाण्डु । काठमाडौं महानगरपालिकालेभारतीयचलचित्र 'आदिपुरुष'मा समावेश ' जानकी भारतकी छोरी हुन्' भन्ने आपत्तिजनक सन्देश हटाउने सम्बन्धमा पहल गर्न आग्रह गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई पत्र लेखेको छ ।

महानगर प्रमुख बालेन्द्र शाहले उक्त चलचित्र यथावत प्रदर्शन भएमा नेपालको राष्ट्रियता, सांस्कृतिक एकता र राष्ट्रिय विभूतिमाथि ठाडो प्रहार भई अपूरणीय क्षति हुने पत्रमा उल्लेख गर्नुभएको छ । उहाँले नेपालको संविधानको धारा ५ र ५६ को उपधारा (६) ले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई राष्ट्रिय हितको जिम्मेवारी गर्ने सङ्रक्षण तोकेको उल्लेख गर्दै सरकारले भारतसँग कूटनीतिक पहलमार्फत आपत्तिजनक अंश हटाउने व्यवस्था मिलाउनसमेत आग्रह गर्नुभएको छ। महानगरभित्र प्रदर्शनमा निषेध गरिए पनि देशकै अन्य क्षेत्र र विदेशमा प्रदर्शन भएमा त्यसले भ्रामक तथ्य स्थापित गर्ने उहाँको ठहर छ ।

बिहीबार साँझ मात्र महानगर प्रमुख शाहले समाजिक सञ्जालमार्फत विवादित अंश सच्याउन तीन दिनको समय दिएको र नसच्चिए महानगरभित्र भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउने घोषणा गर्नुभएको थियो । रासस

# चालु बजेटका ११ महिना : आम्दानी र खर्च निकै न्यून

काठमाण्डु । चालु आर्थिक वर्ष २०७९/८० को ११ महिनामा सरकारको आय ६० प्रतिशत र व्यय ६५ प्रतिशत बराबर मात्रै देखिएको छ । सुरुआती विनियोजित लक्ष्यको तुलनामा जेठ मसान्तसम्मको सरकारी आम्दानी र खर्च निकै न्यून हो ।

महालेखा नियन्त्रक कार्यालयको जेठ मसान्तसम्मको तथ्याङ्कअनुसार यो अवधिसम्ममा बजेट खर्च रु ११ खर्ब ७६ अर्ब छ करोड ५७ लाख बराबर छ । जुन चालु आर्थिक वर्षको सुरुआती विनियोजनको ६५ दशमलव ५६ प्रतिशत बराबर हो । चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो ।

जेठ मसान्तसम्मको चालुगततर्फको खर्च सुरुआती विनियोजनको ७४ दशमलव १५ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि चालुगत शीर्षकमा रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बराबर बजेट विनियोजन भएकामा हालसम्म रु आठ खर्ब ७७ अर्ब ३९ करोड ४४ लाख खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाखको वार्षिक बजेट रहेकामा जेठ मसान्तसम्ममा ४० दशमलव २४ प्रतिशत अर्थात् रु एक खर्ब ५३ अर्ब आठ करोड ४२ लाख बराबर खर्च भएको छ ।

वित्तीय व्यवस्थापन शीर्षकमा रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख वार्षिक बजेट विनियोजन भएकामा जेठ मसान्तसम्ममा सुरुआती विनियोजनको ६३ दशमलव २४ प्रतिशत अर्थात् रु एक खर्ब ४५ अर्ब ५८ करोड ७१ लाख बराबर खर्च भएको छ ।

जेठ मसान्तसम्मको राजस्व सङ्कलन पनि लक्ष्यभन्दा निकै न्यून छ । यो अवधिसम्मका सरकारको कुल राजस्व प्राप्ति वार्षिक लक्ष्यको ६० दशमलव ३६ प्रतिशत अर्थात् रु आठ खर्ब ८० अर्ब ३८ करोड ७९ लाख बराबर रहेको छ । सरकारले चालु आर्थिक वर्षका लागि रु १२ खर्ब ९५ अर्ब ३७ करोड ५८ लाख कर राजस्व, रु एक खर्ब सात अर्ब ७७ करोड १२ लाख गैरकर राजस्व र रु ५५ अर्ब ४५ लाख ८३ करोड वैदेशिक अनुदान लिने लक्ष्य राखिएको थियो ।

जेठ मसान्तसम्मको कर राजस्व सङ्कलन लक्ष्यको ५८ दशमलव ५९ प्रतिशत अर्थात् रु सात खर्ब ५९ अर्ब, गैरकर राजस्व सङ्कलन ७२ दशमलव २४ प्रतिशत अर्थात् रु ७७ अर्ब ८५ करोड ३७ लाख र वैदेशिक अनुदान आठ दशमलव ६६ प्रतिशत अर्थात् रु चार अर्ब ८० करोड २० लाख बराबर रहेको छ ।

यसरी सरकारको आयभन्दा व्यय धेरै हुँदा जेठ मसान्तसम्मको बजेट घाटा रु दुई खर्ब ९५ अर्ब ६७ करोड बराबर छ ।

**दुईपटक संशोधन गर्दा पनि लक्ष्य भेटिनेमा शङ्का**

सरकारले गत जेठ १५ मा आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दै दोस्रोपटक बजेट संशोधन गरेको थियो । सरकारले चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामार्फत पनि बजेट खर्चको अनुमान संशोधन गरेको थियो ।

दोस्रो पटकको संशोधित लक्ष्यअनुसार चालु आर्थिक वर्षमा सरकारले रु १५ खर्ब चार अर्ब ९९ करोड अर्थात् सुरुआती विनियोजनको ८३ दशमलव ९० प्रतिशत मात्रै बजेट खर्च हुने अनुमान गरेको छ । संशोधित लक्ष्य भेटाउनका लागि सरकारले चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् असारमा मात्रै रु तीन खर्ब २९ अर्ब बराबर बजेट खर्च गर्नुपर्ने देखिएको छ ।

दोस्रोपटकको संशोधित अनुमानअनुसार चालु खर्च १० खर्ब ४३ अर्ब ४९ करोड अर्थात् सुरुआती विनियोजनको ८८ दशमलव १८ र पुँजीगत खर्च रु दुई खर्ब ५८ अर्ब ३४ करोड अर्थात् सुरुआती विनियोजनको ६७ दशमलव ९१ प्रतिशत र वित्तीय व्यवस्था तर्फ दुई खर्ब तीन अर्ब २६ करोड अर्थात् सुरुआती विनियोजनको ८८ दशमलव २९ प्रतिशत खर्च हुने अनुमान गरिएको छ।

चालु आर्थिक वर्षमा राजस्व सङ्कलन रु ११ खर्ब ७९ अर्ब ४४ करोड बराबर हुने संशोधित अनुमान छ । यो वार्षिक लक्ष्यको ८४ प्रतिशत हो भने गत वर्षको तुलनामा पाँच प्रतिशतले न्यून हो । जेठ मसान्तसम्मको अवस्था हेर्दा राजस्व सङ्कलनको संशोधित लक्ष्य भेटाउनका लागि पनि सरकारले असार महिनामा मात्र करिब रु तीन खर्ब राजस्व उठाउनुपर्ने देखिन्छ । रासस

# भदौ मसान्तसम्म सडक खन्न रोक

काठमाण्डु । सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय बबरमहलले आजदेखि भदौ मसान्तसम्म सडक खन्न रोक लगाएको छ । उक्त कार्यालयले एक सूचना प्रकाशन गरी वर्षायाममा पानीका धारा, ढल, बिजुली, टेलिफोन आदि प्रयोजनका लागि सडक खन्दा तत्काल मर्मतसम्भार गरी पहिलेकै अवस्थामा ल्याउन गाह्रो पर्ने भएकाले सडक खन्न रोक लगाइएको जनाएको छ ।

सूचनामा भनिएको छ, "सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयअन्तर्गतका सडक डिभिजन कार्यालय मातहत रहेका कुनै पनि सडक खन्ने स्वीकृति नदिइने र कसैले जबर्जस्ती सडक खनेको पाइएमा सार्वजनिक सडक ऐन, २०३१ अनुसार कडा कारबाही गरिनेछ ।"

वर्षा लागेपछि सडक समयमै मर्मत गर्न नसकिने र आवागमनमा असुविधा पुग्ने हुँदा तीन महिना सडक खन्न रोक लगाइएको कार्यालयद्वारा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ । सरकारी निकायबीच समन्वय नहुँदा सहरी क्षेत्रमा सडक भत्काउने र बनाउनेक्रम चलिरहेको गुनासो बढ्ने गरेको पाइएको छ ।

त्यसैगरी वर्षात्का समयमा बाटो तथा ढल खन्दा हिलो भई सर्वसाधारण नागरिकलाई हिंडडुल गर्न तथा सवारी आवागमनमा पनि समस्या उत्पन्न हुने गरेको छ । साथै यसरी खनिएका सडक या ढलमा सवारीसाधन फसेर दुर्घटना पनि हुने गरेका आमनागरिकका गुनासा आउने गरेका पनि पाइएको छ । रासस


## श्री बि.कि.प्र.आधारभुत वि. हठ्ठिपुर

शहिदनगर न.पा.–६, हठ्ठिपुर (धनुषा)

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०/०३/०२

शिक्षा विकास तथा समन्वय इकाइ धनुषा जनकपुरधामको प.सं. २०७९/२०८० च.नं. १७१५ मिति २०८०।०२।२५ को कारार शिक्षक नियुक्ति सम्बन्धी अनुमति पत्र बमोजिम यस विद्यालयमा रिक्त रहेको प्रा.वि. दरबन्दीमा तृतिय श्रेणीको करारमा एक (१) शैक्षिक स.को लागि करार शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुँदा वि. व्यवस्थापन समितिको मिति २०८०।०२।३० को निर्णय अनुसार सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र योग्यता पुगेका नेपाली नागरिकबाट आवेदन आह्वान गरिन्छ ।

तपसिल

१. **विज्ञापन नं.** :- ०१/२०७९/०८०
२. **नियुक्तिको किसिम** :- करार
३. **पद संख्या** :- १ (एक)
४. **तह** :- प्रा.वि.
५. **योग्यता** :- प्रविणता प्रमाण पत्र तह उत्तिर्ण वा सो सरह तालिम प्राप्त वा शिक्षा विषय लिई १२ कक्षा उत्तिर्ण ।
६. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी
७. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
८. **उमेर** :- १८ वर्ष पूरा भई ४० ननाघेको ।
९. **परिक्षाको किसिम** :- लिखित/मौखिक/आवश्यक परेमा प्रयोगात्मक परीक्षा समेत ।
१०. **आवेदन दिने मिति** :- २०८०।०३।०२ देखि २०८०।०३।१६ गते सम्म ।
११. **सम्पर्क मिति** :- २०८०।०३।१७ गते
१२. **परीक्षा मिति** :- सम्पर्क मितिमा तोकिने ।
१३. **परीक्षा दस्तुर** :- ७५०।- (सात सय पचास मात्र)

*थप जानकारीका लागि सम्पर्क नं. ९८०७६३५८१५ वा विद्यालय समयमा सम्पर्क गर्नुहोला ।*

प्रधानाध्यापक


# बैंकको ब्याजदर घटाउन आग्रह

काठमाण्डु । सांसद दामोदर भण्डारीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को पछिल्लो भारत भ्रमणका क्रममा भारतसंगको व्यापार घाटाका विषयमा छलफल नभएकामा चिन्ता व्यक्त गर्नुभएको छ ।

सङ्घीय, संसद्, प्रतिनिधिसभाको आजको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि सामूहिकृत रुपमा भएको छलफलमा खर्च कटौतीको प्रस्ताव पेस गर्दै उहाँले नेपालले व्यापार असन्तुलनको सामना गरिरहेको अवस्थामा उत्पादित वस्तु र सेवा गुम्दै गएको बताउनुभयो ।

"नेपालमा आज व्यापार घाटा चुलिएको छ, गत वर्ष मात्रै १९ खर्बको आयात र दुई खर्बको निर्यात भएको छ र १७ अर्ब व्यापार घाटा रहेको थियो, यस वर्षको वैशाख महिनासम्मको तथ्याङ्क हेर्दा यो वर्ष पनि झन्डै १२ खर्ब चार अर्ब बराबरको आयातित भएको छ, १ खर्ब ३१ अर्ब बराबरको निर्यात भएको छ", उहाँले भन्नुभयो । सञ्चालनमा रहेका उद्योगहरुसमेत बन्द गर्नुपर्ने अवस्था आएको जनाउँदै बैंकको ब्याज वृद्धि भएर सञ्चालित उद्योग बन्द गर्नुपर्ने अवस्था आएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "खानी विभाग आज जनशक्तिविहीन अवस्थामा छ, जनशक्ति छैन, भएका खानीहरुमा अध्ययन गर्ने थुप्रै सम्भावना छन, फलाम खानी, तामा खानी, अरू थुप्रै खानीजन्य वस्तुहरु आज उत्खननको पर्खाइमा छन् ।"

त्यसैगरी, खर्च कटौतीका अर्का प्रस्तावक बलराम अधिकारीले विनियोजित बजेट २०८० अन्तर्गत भूमि व्यवस्था तथा सहकारी तथा गरिबी निवारणअन्तर्गत आएको बजेटमा अहिलेको अवस्था, आवश्यकता र मागलाई सम्बोधन हुने गरी ल्याउन नसकेको र एकले गरेकामा अर्काले निषेध गर्ने तरिकाले गोलमोटोल तरिकाले आएको बताउनुभयो । रासस


**जनकपुरधाम उप-महानगरपालिका, पिराडी चोक देखि पश्चिम, सिरहा मार्टको Opposite मा संचालित CFC Food Cafe मा विभिन्न परिकारको गुणस्तरीय तथा स्वादिष्ट खाना, नास्ताको लागि एकपल्ट सेवाको मौका दिनुहोस । ग्राहकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो ।**

**हाम्रो स्पेशल परिकारहरु**

| | |
|---|---|
| Chicken Angara | 375/- |
| Chicken Cutlet | 320/- |
| Chicken Golden Fry | 330/- |
| Chicken Masala | 320/- |
| Mutton Masai Tikka | 475/- |
| Fish Tikka Crim | 395/- |
| Paneer Golden Fry | 255/- |
| Paneer Kurkure | 275/- |
| Veg 65 | 280/- |
| Soup | 150/- |
| Chicken Finger | 350/- |
| C.F.C. Damm Biryani | 495/- |
| Panjabi Paneer Pakauda | 295/- |





**सम्पर्क ठेगाना**

**CFC Food Cafe**

Janakpurdham, Pirari Chowk

Contact NO. 9801670101



## जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्था लि.

कदमचौक, जनकपुर, – २ (धनुषा)

**ऋणि श्री नन्द किशोर महराको नाउमा अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति : २०८०/०२/३२

जि.ध. गा.वि.स. विन्धि-६ परिवर्तित ज.उ.म.न.पा.-२३ बस्ने मोति महराको नाति, दुखी महराको छोरा तपाई नन्द किशोर महराले ज.उ.म.न.पा वडा नं. -१३ को सि.नं. १३१५-११ को कि.नं. ४२ को क्षेत्रफल ०-०-८-१ जग्गा यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्थाको नाउँमा दृष्टीक बन्धक लिखित पारित गराई मिति २०६९/०७/०३ मा व्यवसाय संचालनको लागि रु.६,००,०००/- अक्षरेपी रु. छ लाख मात्र ऋण लिएकोमा सो ऋणको साँवा र व्याजको भाखा नाघी सकेकोले ऋण बुझाउनको लागि पटक -पटक लिखित र मौखिक ताकेता गरे पनि वास्ता नगरी अटेर गरी हालसम्म साँवा र व्याज नबुझाएकोमा मिति २०८० वैशाख मसान्त सम्मको सावा रु.६,००,०००/- र भाखा नाघेको व्याज रु. १२,७१,१६५ अक्षरेपी रु वाह्र लाख एकहत्तरी हजार एक सय पैसठी मात्र दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र यस संस्थामा बुझाउने संस्थाको संचालक समितिको मिति २०८०/०२/२२ मा निर्णय भएकोले उक्त म्याद भित्र साँवा र व्याज यस संस्थामा बुझाउनु होला । अन्यथा तपाईले ऋण लिदाँ राखेको धितो सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम जग्गा लिलाम विक्रि वा अन्य व्यवस्था गरी यस संस्थाले ऋण र व्याज असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्थ लि
जनकपुरधाम–२ कदम चौक



## बलवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलवा, महोत्तरी

**आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना**

प्रकाशित मिति २०८०/०३/०२

उपरोक्त सम्बन्धमा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको तपसिलको पोखरीहरु मत्स्यपालन गर्न व्यवस्था गर्न आ.व. २०७९/०८० मा देहाय बमोजिमका आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान सूचना प्रकाशन भएको १५ (पन्द्र) दिन भित्र तोकिएको शर्तको अधिनमा रही रितपुर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न सूचना आव्हान गरिएको छ ।

तपसिल

| क्र.सं. | पोखरीको नाम | ठेगाना | साबिक ठेक्का रकम | १०% थप रकम | ठेक्का रकम | बोलपत्र रु. | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | माईस्थान पोखरी | बलवा न.पा.-०६ | ९,०६,००१।- | ९०,६००.१ | ९,९६,६०१.१ | १,५००।- | |
| २ | तिलगढ पोखरी | बलवा न.पा.-०४ | ९,०५,०००।- | ९०,५००।- | ९,९५,५००।- | १,५००।- | |

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र कार्यालय समय भित्र उल्लेखित बोलपत्र दस्तुर वापत रकम र टिकट बापत रु. १५।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग अध्ययन गरी अंक र अक्षर प्रस्ट हुने गरी बोलपत्र फारम भरी प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी गरी खाम बाहिर सूचनामा उललेख भएको ठेक्काका क्र.सं. ठेक्काको नाम विवरण र प्रेषकको नाम तथा ठेगाना प्रस्टसँग लेखि १६ (सोह्रो) दिनको ०२:०० (दुई) बजे नगर कार्यपालिकाको कार्यालयमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थितिमा कार्यालयका प्रतिनिधिहरुको उपस्थितिमा र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त समयमा बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि रितपुर्वकको बोलपत्र खोलिने कार्यमा कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।
४. प्रत्येक ठेक्काको छुटाछुट्टै बोलपत्र फारम खरिद गरी दर्ता गर्नुपर्नेछ ।
५. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
६. शिलबन्दी बोलपत्र फारम साथ आफुले कबोल गरेको ठेक्का रकम अंकको नेपाली नागरिक भए ५% र विदेश नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको खाता नं. १२७०१००३०३००००००२ को धरौटी खातामा दाखिला गरेको सक्कल बैंक भाउचर राख्नु पर्नेछ ।
७. बोलपत्र फारम भर्दा आफुले कबोल रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
८. ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर दस्तुर ठेक्काबालाले बुझाउनु पर्नेछ र सोको प्रमाण अनिवार्य रुपले कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. पर्न आएका बोलपत्रहरु कुनै कारण जनाई वा नाजनाई सम्पुर्ण अथवा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।
१०. ठेक्का अवधी पोखरीहरु २०८० अषाढ देखि २०८३ अषाढ मसान्त सम्म ३ (तीन) वर्षको हुनेछ ।
११. पोखरीहरुको हकमा बोलपत्र स्वीकृत रकम बमोजिमको जग्गा जमिन धनजमानी राख्नु पर्नेछ ।
१२. ठेक्काको किस्ता रकम क्रमशः ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ । पोखरीको हकमा प्रथम किस्ता बुझाई ७ (सात) दिन भित्र चलन पुर्जी लिनु पर्नेछ ।
१३. ठेक्का स्वीकृत भई कार्यालयले माँग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि सम्झौतामा तोकिएको मितिबाट मात्र ठेक्का संचालन गर्न पाईनेछ । सम्झौता गर्नु भन्दा पहिलाको रकम दाबी गर्न पाईने छैन ।
१४. यसमा उल्लेख भएका कुराहरु सोही बमोजिम र यसमा उललेख नभएका कुराहरु स्थानीय सरकार संचालन ऐन २०५५ र ततसम्बन्धी नियामावली २०५६ र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।
१५. बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ९८५४०३३८०४ र ९८५४०२७८०३ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# पूर्व उप प्रधानमन्त्री रायमाझीसहित १६ जना पुर्पक्षका लागि थुनामा

**टुडे समाचारदाता**

काठमाण्डु । बहुचर्चित ठगी प्रकरणमा पूर्व उपप्रधानमन्त्री सहित १६ जनालाई पुर्पक्षका लागि थुनामा राख्न अदालतले आदेश दिएको छ।

भुटानी शरणार्थीको कोटामा नेपालीलाई अमेरिका पठाउने नाममा ठगी धन्दा चलाएको मुद्दाका प्रतिवादीमध्ये १६ जनालाई थुनामा राख्ने शुक्रबार आदेश दिइएको छ।

जिल्ला अदालत काठमाण्डुका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा भएको थुनछेक बहसपछि २ जनालाई भने धरौटीमा छाड्ने आदेश दिइएको छ।

नक्कली शरणार्थी प्रकरणमा प्रतिवादी बनाइएका ३० जनामध्ये १८ जना पक्राउ परेका थिए। १८ जना प्रतिवादीलाई थुनामै राखेर मुद्दाको पुर्पक्ष गर्ने कि तारेखमा रिहा गर्ने भन्ने प्रयोजनका लागि भएको थुनछेक बहसमा २ जना लक्ष्मी महर्जन र टंक गुरुङलाई धरौटीमा रिहा गर्ने आदेश भएको छ।

लक्ष्मी महर्जनलाई ५ लाख र टंक गुरुङलाई १० लाख धरौटीमा रिहा गर्ने आदेश भएको अदालतले जनाएको छ। पूर्व उप प्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्व मन्त्री बालकृष्ण खाणसहित अन्य १६ जना प्रतिवादीलाई पुर्पक्षका लागि जेल चलान गरिएकोछ।

मुद्दामा ११ दिनसम्म लगातार थुनछेक बहस भएको थियो । कुल ३० जनाविरुद्ध मुद्दा चलाइएकामा १२ जना अझै फरार छन् । भुटानी शरणार्थी प्रकरणमा प्रहरीले अध्ययन प्रतिवेदनसहितको फाइल जिल्ला सरकारी वकिललाई बुझाएपछि सोही आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा गत जेठ १० गते अभियोगपत्र दर्ता गरेको थियो। लगत्तै अदालतमा अभियुक्तहरुको बयानपछि जेठ २१ बाट थुनछेक बहस सुरु भएर बिहीबारसम्म चलेको थियो।



> धरौटीमा रिहा हुने टंक गुरुङ, लक्ष्मी महर्जनविरुद्ध ठगी, लिखत कीर्ते, राज्यविरुद्ध र संगठित अपराधसम्बन्धी र एकीकृत कसूरमा मुद्दा चलाइएको थियो ।

त्यसअघि शुक्रबार सरकारी वकिल र जाहेरीकर्ताका वकिलले जवाफ दिएपछि अदालतको थुनछेक आदेश आएको छ । अदालतमा सरकारी वकिल तथा पीडित तर्फका कानुन व्यवसायीले कुल ३ दिन र प्रतिवादी तर्फका कानुन व्यवसायीले ८ दिन बहस गरेका थिए।

मुद्दामा प्रतिवादीहरूका तर्फबाट १८ जना वरिष्ठ अधिवक्ताहरूले बहस गरे। जाहेरवालाको तर्फबाट निजी कानुन व्यवसायी अधिवक्ता भद्र प्रसाद नेपाल, हरि प्रसाद कँडेल, वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठ र राधिका चौलागाईंले बहस गरे।

थुनामा पठाउने आदेश भएका प्रतिवादीहरुमा टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, टेकनारायण पाण्डे, इन्द्रजित राई, टेकनाथ रिजाल, केशव दुलाल, सानु भण्डारी, आङटावा शेर्पा, शमशेर मिया, सन्दीप रायमाझी, सन्देश शर्मा, सागर राई, रामशरण केसी, नरेन्द्र केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन,केशव तुलाधर, अशोक पोखरेल, धिरेन राई, दीपा हुमागाइ, निरज राई, रजेश अर्याल, मोहनराज राई, आशिष बुढाथोकी, बिनिता सावदेन लिम्बु, निरञ्जन कुमार खरेल, सुनील बुढाथोकी र प्रतीक थापा रहेकाछन्।

धरौटीमा रिहा हुने टंक गुरुङ, लक्ष्मी महर्जनविरुद्ध ठगी, लिखत कीर्ते, राज्यविरुद्ध र संगठित अपराधसम्बन्धी र एकीकृत कसूरमा मुद्दा चलाइएको थियो।

प्रतिवादीसँग २८ करोड ८१ लाख ७४ हजार ५०० रुपैयाँ माग दाबीसहित मुद्दा दायर भएको थियो।

# समाचार बन्न पनि मर्नैपर्ने ?

ब्लग :



**श्यामसुन्दर शशि**

तीनथान घटनाबाट आजको विषय उठान गर्न मन लाग्यो - पहिलो, करीब एक वर्ष अघि हाम्रै जनकपुरका एक जना चेली न्यायको गुहार माग्दै राष्ट्रपति कार्यालय अगाडि आफ्नै जिउमा पेट्रोल छर्केर आत्मदाह गर्ने प्रयास गरेकी थिइन । घाइते पनि भइन तर सुरक्षाकर्मीहरुको सदाशयताले ज्यान जोगियो।

दोश्रो,०७९ माघ १० गते इलामका ३६ वर्षीय प्रेमप्रसाद आचार्य नयाँ वानेश्वर स्थित संसद भवन अगाडि आफ्नै जिउमा पेट्रोल छर्केर आत्मदाह गर्ने प्रयास गरे । तर दुर्भाग्य अर्को दिन अर्थात् माघ ११ गते विहान उनको दुःखद मृत्यु भयो। आत्मदाह गर्नु भन्दा पूर्व उनले फेसबुकमा २५ बुँदे आरोपपत्र सार्वजनिक गरेका थिए। राज्यका विभिन्न अंगबाट न्यायपाउन नसकेको तथा वित्तीय संस्थाहरुको हैरानी खेप्न नसकेको कारण बाध्यभएर मृत्युको बाटो राजेको उनले उल्लेख गरेका थिए।

तेश्रो,गत मंगलबार आमाबुवा नेपाली नागरिक भएको, नेपालको संविधान ०७२ ले सुनिश्चित गरेको तर सरकारले कानुनन बनाउँदा नागरिकताविहीन बनाइएको मोरंगका निरजकुमार कामतले माइतीघर मण्डलामा आफ्नै जिउमाथि पेट्रोल छर्केर आत्मदाह गर्ने प्रयास गरे। सुरक्षाकर्मी र साथीको सहयोगमा उनको जीवन रक्षा गरियो । अचेलका मत हजारौं नागरिकताविहीन नेपाली आमाबुवाका सन्तानहरुसंग पुनः माइतीघर मण्डलामा धर्नामा बसेका छन्।

माथिका दुई घटना अर्थात् जीउमा आगो लगाउने प्रयास गरेकी एक युवतीको कथा,व्यथा तथा प्रेमप्रसाद आचार्यको दुखान्त मृत्यु कथा यहाँका पत्रपत्रिकाहरुको मुख्य समाचार बन्यो । पत्रपत्रिकाहरुको सम्पादकीयको विषय बन्यो। बुद्धिजीवीहरुको भावुक तथा तर्कपूर्ण आलेखहरु पनि प्रकाशित भए । संसददेखि सडकसम्म तथा चिया पसलदेखि मन्त्रिपरिषद्सम्म चर्चाको विषय बन्यो।

तर, तेश्रो अर्थात् निरजकुमार कामतले आत्मदाह गर्न खोजेको कथा व्यथा कतिवटा कथित राष्ट्रिय पत्रपत्रिकामा पढ्नु भयो ? कतिवटा टेलिभिजनमा देख्नु भयो ? एक युवकले आत्मदाह जस्तो अप्रिय बाटो रोज्नु परेको व्यथाबारे नेपाल सरकार, न्यायालय, कानुन बनाउने जिम्मा पाएका संघीय सांसदहरु, विचार निर्माण गर्ने राजनीतिक र सामाजिक विषयमा भाषणवाजी र लेखनवाजी गर्ने बुद्धिजीवीहरुहरुको संवेदनहीनता साच्चै नै निन्दनीय छ। यसमा पनि आत्मदाह गर्न खोजेका युवकबारे नश्लीय सोंच भएका केही युवाको टिप्पणीले मुलुकलाई कता लै जाने हो ?भन्ने प्रश्न तेर्सिएको छ।

नागरिकता मौलिक अधिकार भन्दा पनि राजनीतिक मुद्दा बनेको छ। मधेश केन्द्रितदलहरु यसै मुद्दालाई अघि सारेर चुनाव लड्छन्। नेपाली कांग्रेस,एमाले,माओवादीलगायतका दलहरु तल झर्ने वित्तिकै घांटीमा गमछा बेर्छन र मुखमा नागरिकताको जाप सुरु गर्छन्। शुक्रबार नेकपा एमालेका सचिव एवं मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई जनकपुर आएका थिए । उनले चर्को स्वरमा भने- जन्मसिद्ध नागरिकका संतानहरुले संविधानमा उल्लेख भए अनुसार अविलम्ब वंशजको नागरिकता पाउनुपर्छ तर दुबै सदनबाट दुई/दुई पटक पारित भएर गएको नागरिकता विधेयकलाई निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले होल्ड गरेको सवालमा घुमाउरो जवाफ दिए।

उनले भनेका थिए,' संसदबाट दुई दुई पटक पारित भएर गएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नैपर्ने वा नगर्दा पनि हुने विषयमा संविधान मौन छ। संविधान संशोधनमार्फत यस विषयलाई प्रष्ट पार्नुपर्दछ।'

पटक पटक सरकारको नेतृत्व गरेको नेकपा एमालेको सचिव जस्तो जिम्मेवारीमा रहेका भट्टराईलाई सोध्न मन लागेको छ - अनि आठ आठवर्ष वितिसक्दा पनि नागरिकता सम्बन्धी कानुन किन बनेन् हजुर ?

> “ जनता जुन पार्टी र नेतालाई भोट दिन्छ, त्यो पार्टी र नेतासंग अपेक्षा पनि राखेका हुन्छन् । नेकपा एमाले मधेशको पहिलो पार्टी हो । संघीय संसदमा ९ जना र मधेश प्रदेशमा २४ जनालाई प्रत्यक्षतर्फ सांसद बनाएका छन् । स्वाभावतः यस समस्याको समाधान गर्न एमालेको भूमिका हुनुपर्ने हो ।

मलाई स्मरण छ - नेकपा एमालेका तत्कालीन मधेश प्रदेश इन्चार्ज रघुवीर महासेठले पत्रकारसम्मेलनमै भनेक थिए -तीन महिना भित्र नागरिकता समस्या समाधान भएन भने आफ्नै नेतृत्वमा आन्दोलन गर्छौ। अचेल पतिपत्नी दुबैलाई जिताएका धनुषावासी महासेठसंग सोध्दै छन्- तीन महिना त ९० दिनको हुन्छ हजुर ....निर्वाचन भएको महिनौं वित्यो हजुरको आन्दोलन कहिले देखि हो ....?

जनता जुन पार्टी र नेतालाई भोट दिन्छ, त्यो पार्टी र नेतासंग अपेक्षा पनि राखेका हुन्छन्। नेकपा एमाले मधेशको पहिलो पार्टी हो। संघीय संसदमा ९ जना र मधेश प्रदेशमा २४ जनालाई प्रत्यक्षतर्फ सांसद बनाएका छन्। स्वाभावतः यस समस्याको समाधान गर्न एमालेको भूमिका हुनुपर्ने हो।

# नागरिकताविहीनको न्यायका लागि माओवादी नेता शर्मा सत्याग्रहमा

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रका नेता रामकुमार शर्मा सत्याग्रहमा बसेका छन् । नागरिकताविहीन लाखौं नेपालीहरुको नागरिकता प्राप्तिका लागि उनले सत्याग्रहको शुरूवात गरेका छन्।

सर्वोच्च अदालतबाट नागरिकता विधेयक सम्बन्धी आदेश नआउँदा लाखौ नेपाली युवा बिचल्लीमा परेकाले अविलम्ब नागरिकता प्रदान गर्ने फैसला आउनुपर्ने माग गर्दै नेता शर्मा शुक्रबार दिउँसोदेखि काठमाडुको माइतीघर मण्डलामा सत्याग्रहमा बसेका छन्।

यसअघि बुधबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै नेता शर्माले नागरिकता प्रदान गर्ने आदेश अविलम्ब नआए असार १ गतेदेखि सत्याग्रहमा बस्न बाध्य हुने चेतावनी दिएका थिए।



नेपालको संविधान २०७२ जारी भएको करीब ८ वर्ष भइसकेको र संविधान जारी भएको मितिले ३ वर्ष भित्र संघीय संसदबाट कानुन बनाएर पूर्णरूपमा कार्यान्वयन गरिने भनिए पनि राज्यद्वारा अनागरिक बनाउने प्रपञ्च सह्य नहुने उनले बताए।

नागरिकता विधेयक संघीय संसदबाट पारित भएर राजपत्रमा प्रकाशित भइसक्दासमेत अनेक बहानामा कार्यान्वयन गर्न षड्यन्त्र हुँदै आइरहेको उनको आरोप छ।

शर्माले भने, 'संविधान बमोजिम नागरिकता पाउन योग्य १० लाख भन्दा बढी नेपाली युवाको पीडालाई आत्मसात गर्दै जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण भयो र गृह मन्त्रालयले तत्काल राजपत्रमा प्रकाशित गरेको थियो। तर, षड्यन्त्रपूर्वक नागरिकता विधेयक असफल बनाउनकै लागि सर्वोच्च अदालतमार्फत षड्यन्त्र सुरु भएको छ।'

शर्माले राष्ट्रिय एकता कायम राख्नका लागि पनि नागरिकता प्रदान गर्ने आदेश चाँडै आउनु आवश्यक रहेको बताए।

सत्याग्रह शुरूवात गर्ने क्रममा नेपाली काग्रेसका सह-महामन्त्री महेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, नेता अब्दुल खान, जसपा नेता योगेन्द्र यादव, महोत्तरीको पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादव, लोसपाका सांसद राम प्रकाश चौधरी, लोसपा विद्यार्थी संघका केन्द्रीय अध्यक्ष मनिष मिश्र, प्रतिनिधिसभा सदस्य अमरेश कुमार सिंह, अखिल क्रान्तिकारीका उपाध्याक्ष क्षितिज सापकोटा, अखिल क्रान्तिकारीका उपाध्याक्ष सूर्यनारायण साह, अधिवक्ता दीपेन्द्र झा, नेकपा माओवादी केन्द्र प्रदेश समितिका सदस्य लालबाबु साह, नेकपा माओवादी केन्द्रका नेतृ इन्दु शर्मालगायतकाहरू माइतीघर मण्डलामा उपस्थित भएका थिए।

# मृत्यु भइसकेका व्यक्तिको नाममा भत्ता वितरण

**कमलेश मण्डल**

जलेश्वर । महोत्तरीका पाँच स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेका छन् ।


गत आर्थिक वर्ष ०७८/७९ मा जिल्लाका बर्दिवास नगरपालिकाले ४० जना रामगोपालपुर नगरपालिकाले ७ जना सम्सी गाउँपालिकाले २१ जना बलवा नगरपालिकाले १२ जना र औरही नगरपालिकाले १७ जना गरी कुल ९७ जना मृत्यु भएका व्यक्तिको खातामा रकम पठाएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

बर्दिवास नगरपालिकाले पाँच लाख अठाईस हजार सात सय आठ, सम्सी गाउपालिकाले पाँच लाख साठी हजार बलवा नगरपालिकाले दुई लाख सन्तावन हजार ४ सय ६४ औरही नगरपालिकाले २ लाख ३६ हजार ६ सय ८८ र रामगोपालपुर नगरपालिकाले एक लाख २० हजार रुपैयाँ गरी कुल १७ लाख २हजार ८ सय ६० रुपैयाँ मृत्यु पश्चात् भुक्तानी गरेको देखिएको छ।

सामाजिक सुरक्षा नियमावली ०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाइ मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकामा स्थानीय तहले मृत्यु भइसकेका व्यक्तिलाई पनि रकम निकासा गरेकाले त्यस्तो कार्य सुधार गर्न सुझाव दिइएको देखिन्छ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ०७७ को दफा ११ (२) मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाद गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिम सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरणसमेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने प्रावधान छ।

# अख्तियारद्वारा कागजात माग




**टुडे समाचारदाता**

राजविराज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला फुटवल संघ सप्तरीसँग मधेश प्रदेश सरकारबाट प्राप्त रकमको खर्च विवरण माग गरेको छ।

मधेश प्रदेश सरकारबाट खेलकुद गतिविधिका लागि प्राप्त रकमको दुरुपयोग भएको भन्दै उजुरी आएपछि आयोगको इटहरी स्थित कार्यालयले शुक्रबार जिल्ला फुटवल संघ सप्तरीलाई रायसहितको कागजात र विवरण उपलब्ध गराउन पत्र काटेको छ ।

पत्रमा मधेश प्रदेश सरकारबाट खेलकुद गतिविधि संचालन गर्न प्राप्त भएको ७० हजार रुपैयाँ के कुन कामका लागि कसरी खर्च गरियो वा खर्च नभएको भए रकम के कहाँ राखिएको छ ? सोलाई पुष्ट्याई गर्ने कागजातहरुको प्रमाणित प्रतिलिपि तथा संघको नेपाल बैंक लिमिटेड शाखा राजविराजमा रहेको खाताको ०७९ बैशाख १ देखि ०७९ कार्तिक २९ सम्मको बैंक स्टेटमेन्ट समेतको प्रमाणित प्रतिलिपि यथाशीघ्र कार्यालयको अनुसन्धान शाखामा पठाउनु भनी उल्लेख गरिएको छ।

पत्रमा उजुरीकर्ताको नाम भने गोप्य राखिएको छ। उजुरी कर्ताको पत्र दर्ता भइ सत्य तथ्य बुझ्न अनुसन्धान थालिएको आयोगले जनाएको छ।

# सात वर्षपछि अंगिकृत नागरिकता दिनुपर्ने

**टुडे समाचारदाता**

जनकुरधाम । नेकपा एमालेका मधेश प्रदेश इन्चार्ज तथा पूर्वमन्त्री योगेश भट्टराईले भारतसहितका देशबाट विहे गरी आएकी बुहारीलाई सात वर्षपछि नेपाली अंगिकृत नागरिकता दिनुपर्ने बताएका छन्।




प्रेस चौतारी धनुषाद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताउँदै उनले जन्मसिद्ध नागरिकता पाएकाहरुको छोरा छोरीले नेपाली नागरिकता पाउनुपर्नेमा एमालेको कुनै विरोध नरहेको भन्दै राष्ट्रपतिले प्रमाणीकरण गरेको नागरिकता ऐन असंवैधानिक प्रक्रियाबाट आएकोले सरकारले त्यसलाई सच्याउनुपर्ने बताए।

त्यस्तै,उनले एमालेले मधेश प्रदेशको सरकार स्थिर रहोस् भने उदेश्यले आफ्नो पार्टीले समर्थन गरेको दाबी गरे।

एमालेले समर्थन दिएर मुख्यमन्त्री यादवलाई सरकार संचालन गर्न सहजता प्रदान गरेको उल्लेख गदै उनले भने,' हामीले कुनै योजना, बजेट वा सत्ताको लोभमा नभइ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको मधेशको विकासमा एमाले वाधक नरहोस भनेर विश्वासको मत दिएका हौं।'

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोतरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार नगरौं

बोक्सीको आरोपमा कसै उपर अमानवीय दुर्व्यवहार, कुटपीट गर्ने, मलमुत्र खुवाउने, दुर्व्यवहार गर्ने, सामाजिक वहिष्कार गर्ने, कपाल मुण्डन गर्ने लगायतका जघन्य अपराध नगरौं, नगराऔं ।

यस्ता क्रियाकलापहरु गरेको पाईएमा बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ अनुसार कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने, रासायनिक, विषालु, जैविक पदार्थ प्रयोग गरी वा अन्य किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी/नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार गर्नेलाई पाँचदेखि ८ वर्षसम्म कैद सजाय र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था छ ।

त्यसैले कोही कसैले यस्ता अमानवीय व्यवहार नगरौं । यस्ता अमानवीय क्रियाकलाप भईरहेको छ भने नजिकको प्रहरी कार्यालयमा जानकारी गराऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८